जुन्ताबाट नागरिक सत्तातर्फ मिन आङ ह्लाइङको रुपान्तरण | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ | •अंक ३०१ | • २०८२ साल चैत १७ गते मंगलबार (31 March, Tuesday, 2026) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

## संशोधन विधेयक फिर्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । बहुमत सदस्यलाई बेवास्ता गर्दै गाउँसभा / नगरसभा / जिल्लासभा गर्न कानुन संशोधन गर्न गर्न ल्याएको संशोधन विधेयक मधेश प्रदेश सरकारले फिर्ता लिएको छ ।

मधेश प्रदेशसभामा सोमबार बसेको सदनमा मुख्यमन्त्री कृष्णप्रसाद यादवले सो संशोधन विधेयक फिर्ता लिएका छन् ।

गाउँसभा / नगरसभा / जिल्लासभाको कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७ को दफा ५ लाई संशोधन गर्न बनेको विधेयक माथि छलफल शुरु भएकोमा प्रदेशसभा सदस्यहरुले विरोध जनाएपछि मुख्यमन्त्री यादवले उक्त विधेयक फिर्ता लिएका छन् ।

सो छलफलमा जनता समाजवादी पार्टी (जसपा) नेपालकी किरण कुमारी साह, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका प्रदेशसभा सदस्य उपेन्द्र महतो, राजेन्द्र प्रसाद चौधरी, संजयकुमार यादवले जनमतको कदर गर्दै उक्त विधेयक फिर्ता लिन आग्रह गरेपछि प्रदेश सरकारले फिर्ता लिएको छ ।

तत्काली मुख्यमन्त्री सतीशकुमार सिंह नेतृत्वको सरकारले गाउँसभा / नगरसभा / जिल्लासभाको कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७ को दफा ५ मा सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी उपस्थित नभएसम्म कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत गरिने छैन भन्ने व्यवस्थालाई हटाउन संशोधन प्रस्ताव ल्याएका थिए ।

उक्त संशोधन विधेयकमा सदनमा कायम रहेको सदस्य संख्याको २५ प्रतिशत सदस्य उपस्थित भएमा सभाको गणपुरक संख्या पुगेको मान्ने गरी कानुन संशोधन गर्न विधेयक ल्याएको थियो ।

उक्त संशोधन विधेयकमा दफा ५ को उपदफा (१) अनुसार सभामा तत्काल कायम रहेका सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा सभाको लागि गणपुरक संख्या पुगेको मान्ने भनेको थियो। सोही दफाको उपदफा (२) को (१) बमोजिम गणपुरक संख्या नपुगेमा अध्यक्षले पाँच दिनभित्र अर्को बैठकको लागि सूचना गर्नुपर्ने र दफा ५ को उपदफा (३) को (२) बमोजिमको बैठकमा तत्काल कायम रहेको सदस्य संख्याको २५ प्रतिशत सदस्य उपस्थित भएमा सभाको गणपुरक संख्या पुगेको मानिने उल्लेख थियो ।

दफा ५ को उपदफा (४) को (३) बमोजिम बैठकमा गणपुरक संख्या नपुगेमा अध्यक्षले तीन दिनभित्र पुनः अर्को बैठकको लागि सूचना गर्नुपर्ने र सोही दफाको उपदफा (५) को (४) बमोजिमको बैठकमा तत्काल कायम रहेको सदस्य संख्याको २५ प्रतिशत सदस्य उपस्थित भएमा सभाको गणपुरक संख्या पुगेको मानिने गरी संशोधन विधेयक ल्याएको थियो ।

### प्रदेश सरकारको अतिक्रमणमुक्त अभियान जारी

## 'हेरिटेज वाक साइट' अतिक्रमण मुक्त, फुटपाथ व्यवसायीद्वारा वैकल्पिक ठाउँको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । ऐतिहासिक तथा धार्मिक नगरी जनकपुरधाममा फुटपाथ, सडक पेटी र सार्वजनिक स्थाल अतिक्रमण गरेर घर टहरामा पसल सञ्चालन गर्दै आएका व्यवसायीलाई मधेश प्रदेश सरकारले हटाएको छ ।

गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको अगुवाइमा करिब दुई साता अघि देखि जनकपुरधामस्थित रामानन्द चोक, जानकी मन्दिर क्षेत्र, राम मन्दिर क्षेत्र, अस्पताल रोडलगायत गंगासागर पोखरी आसपासका अवैध संरचना डोजर लगाएर हटाइएको छ ।

मधेश प्रदेश सरकारले थालेको 'अतिक्रमणविरुद्ध अभियान'को क्रममा सोमबार पनि गंगासागर पोखरी क्षेत्रबाट अवैध संरचना खाली गराइएको छ ।

गृह, सञ्चार तथा कानुनमन्त्री महतोको अगुवाइमा स्थानीय प्रशासन, जनकपुरधाम उपमहानगरपालिका र सुरक्षाकर्मीको संयुक्त टोलीले बजार क्षेत्रका सडक किनारामा बनाइएका अस्थायी टहरा, ठेला र अव्यवस्थित पसल हटाएको छ । स्थानीय व्यवसायीहरुललाई दिएको अल्टिमेटमको समयसीमा भित्र अतिक्रमण खाली नगरेपछि गृह, सञ्चार तथा कानुनमन्त्री महतोको अगुवाइमा अतिक्रमणमुक्त गराइएको छ । सो अभियानका क्रममा डोजरसमेत प्रयोग गरिएको थियो ।



जनकपुरधाम नगरको भीडभाड हुने क्षेत्रमा फुटपाथ अतिक्रमणका कारण पैदलयात्रीले लामो समयदेखि सास्ती भोग्दै आएका थिए ।

अभियानको अनुगमन गर्दै मन्त्री महतोले सार्वजनिक स्थललाई अतिक्रमणमुक्त बनाउने कार्य निरन्तर जारी रहने भन्दै जनकपुरधामलाई धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न लागिपरेको बताए ।

मन्त्री महतोले भने, 'सडक र फुटपाथ सर्वसाधारणका लागि हुन् । व्यक्तिगत प्रयोजनका लागि होइनन् । नियम विपरीत संरचना राख्ने कार्य सह्य हुँदैन ।'

धार्मिक तथा ऐतिहासिक जनकपुरधामको सम्पदाको संरक्षणसँगै शहरी व्यवस्थापनलाई प्राथमिकतामा राख्दै अभियानलाई थप विस्तार गरिने उनले बताए ।

अभियानका क्रममा केही व्यवसायीले वैकल्पिक व्यवस्था नगरी हटाइएको भन्दै असन्तुष्टि जनाए पनि धेरै स्थानीयवासीले भने पैदलमार्ग खुला भएपछि सहजता बढेको बताए ।

यसअघि आइतबार गंगासागर क्षेत्रमा चलाइएको डोजर अभियानपछि मधेश प्रदेश सरकारले आफ्नो 'एक्सन'लाई निरन्तर रुपमा जारी नै राखेको छ । सोही क्रममा फुटपाथ व्यवस्थापनले शहरी अनुशासन कायम गर्ने प्रयास थालेको मन्त्री महतोको भनाइ छ ।

यसअघि तत्कालीन जनकपुरधाम उपमहानगरपालिकाका मेयर लालकिशोर साहले गंगा सागर पोखरी क्षेत्रमा 'हेरिटेज वाक साइट'को रुपमा विकासगर्नेभन्दैसोक्षेत्रलाईअतिक्रमणमुक्तगराइसम्पदा पद मार्गको संरचना खडा गरिएको थियो । तर उनको कार्यकाल सम्पन्न भएपछि वर्तमान जनकपुरधामका मेयर मनोजकुमार साहले भने सो अभियानलाई निरन्तरता नदिँदा पुनः अतिक्रमणको चपेटमा परेको थियो । तर गृह, सञ्चार तथा कानुनमन्त्री महतोले मधेश प्रदेशको राजधानीसमेत रहेको धार्मिक नगरी जनकपुरधामको अतिव्यस्त रहेको सडक, सडकपेटी, फुटपाथलगायतका क्षेत्रको अतिक्रमणमुक्तका लागि अभियान नै सञ्चालन गरेका छन् ।

विगतमा पनि बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन अध्यक्ष रामकुमार शर्माले पनि धार्मिक नगरी जनकपुरधामको सौन्दर्यकरणका लागि अतिक्रमणमुक्त अभियान सञ्चालन गरेका थिए । तर सो अभियानले मूर्तरुप पाए पनि पछि पुनः ती अतिक्रमणमुक्त गरिएका क्षेत्रहरुमा अहिले पुनः संरचना खडा गरिएको छ । त्यतिबेला धनुष सागर पोखरीको डिलमै निर्माण गरिएको गणेश युवा कमिटी, भुतही पोखरी क्षेत्रमा अनधिकृत रुपमा बनाइएका घरटहरालगायतका क्षेत्रहरु पनि अतिक्रमणमुक्त गराइएको थियो । तर अहिले सो क्षेत्रमा पुनः घरटहराहरु निर्माण गरिएको छ ।

आगामी दिनमा बजार व्यवस्थापन, पार्किङ नियन्त्रण र हरियाली प्रवर्द्धनलाई समेत जोड दिँदै दीर्घकालीन योजना अघि बढाउने मन्त्री महतोको योजना छ ।

जनकपुरधाम नगरभित्र सडक छेउछाउमा फुटपाथमा व्यवसाय गर्दै आएका व्यापारीहरु भने अन्योलमा परेका छन् । लामो समयदेखि जनकपुरधाम उपमहानगरपालिकालाई सडकपेटी वापतको रकम तिर्दै व्यवसाय गर्दै आएका थिए । तर अतिक्रमणमुक्त क्षेत्र अभियानको नाममा सडकपेटीमा व्यवसाय गर्दै आएका व्यवसायीहरुलाई भरणपोषणमा समस्या उत्पन्न भएको गुनासो गर्न थालेका छन् ।

उनीहरुले हामीलाई तत्कालै व्यवसाय गर्नका लागि वैकल्पिक स्थान दिन सरकारसंग माग गरेका छन् ।

## संविधान संशोधन कार्यदल गठन गरी बहस तयार गर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साह 'बालेन'ले दोस्रो मन्त्रिपरिषद् बैठकबाटै संविधान संशोधनका लागि पहलकदमी लिएका छन् । उनले राजनीतिक सल्लाहकार असिम शाहलाई संयोजकत्वमा गठन गर्ने निर्णय गरेका छन् ।

सरकारका प्रवक्ता सस्मित पोखरेलले दिएको जानकारी अनुसार राजनीतिक सल्लाहकार शाहको संयोजकत्वमा बनेको संविधान संशोधन कार्यदलमा संसदमा प्रतिनिधित्व गर्ने दलका प्रतिनिधि पनि सहभागी गराइने जनाएको छ ।



प्रधानमन्त्री साहले उक्त निर्णय गर्नुअघि नवनिर्वाचित सांसदहरूसंग छलफल गरेका थिए । कोशी प्रदेश र कर्णाली प्रदेशका सांसदसंग छलफल सकेर मन्त्रिपरिषद् बैठक बसेको थियो । उक्त बैठकमा प्रधानमन्त्री साहले सांसदहरूसंग सुझाव मागेका थिए । प्रधानमन्त्री साहले बजेटमा भेदभाव नगरिने बताउँदै शासकीय सुधारतर्फ आफूहरु लाग्ने सन्देश दिए । तर प्रधानमन्त्री साहले भने संविधान संशोधनका लागि खासै कुरा गरेनन् ।

सहभागी सांसदले जनाए अनुसार प्रधानमन्त्री साहले शासकीय सुधार प्राथमिकतामा रहने सन्देश दिने प्रयास गर्नु भनेको सेवा प्रवाहसंग जोडिएको बुझाइ छ। यद्यपि, त्यसको अर्थ संविधान संशोधनको संकेतका रूपमा आफूहरूले नअर्थ्याइएको उनीहरु बताउँछन् ।

प्रधानमन्त्री साहले दोस्रो बैठकमै संविधान संशोधनको कार्यदल बनाउनुले उक्त कार्य तीव्र गतिमा जान खोजेको संकेत भने गर्छ । तर संसदमा रहेका अन्य दलहरूसंग भने उनले छलफल गरेका छैनन् । कतिसम्म भने संसद बैठक बस्नु त परको कुरा, बैठक बोलाउने निर्णयसमेत भइसकेको थिएन । संशोधन कार्यदल बनाउने र बजेट अधिवेशन बोलाउने निर्णय एकसाथ भएको थियो । त्यसैले उनले एउटै निर्णयले कतिवटा तीर हान्दै छन् भन्नेचाहिँ चासोको विषय रहेको छ ।

हुन त राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले संविधान संशोधनको मुद्दालाई वाचापत्रमा पनि राखेको थियो । रास्वपा मात्र नभइ अन्य दलले पनि उक्त मुद्दालाई प्राथमिकतामा भने राखेकै थिए । तथापि संशोधनका बुँदा के-के हुने भन्ने चाहिँ अहिलेसम्म प्रस्ट भइसकेको छैन ।

रास्वपा आफैँ संविधान संशोधनको विषयमा अहिले नै स्पष्ट छैन । बालेन्द्र साह पनि प्रदेशसभाको सन्दर्भमा फरक धारणा राख्ने नेता छन् । उनले अघिल्लो प्रदेशसभा र प्रतिनिधिसभाको चुनावमा प्रदेशसभामा मतदान नै गरेका थिएनन् । उनी प्रदेश खारेज गर्नुपर्ने संकेत गरेर त्यतिबेला मतदान बहिष्कार गरेका थिए ।

फागुन २१ गते चुनावअघि भने साहले प्रदेश संरचनालाई थप शक्तिशाली बनाउने बताउँदै आएका छन् । जनकपुरधामको सभामा उनले प्रदेशले पर्याप्त अधिकार प्राप्त गर्ने बताएका थिए । त्यसपछि उनी झापा पुगेर प्रदेशको खर्च सामान्य भएकाले बोझिलो मान्न नहुने तर्क गरेका थिए । चुनावी अभियानका क्रममा साहका यी अभिव्यक्तिले उनको पुरानो अडान परिवर्तन भएको मान्न सकिन्छ ।

रास्वपाका उपसभापति तथा अर्थमन्त्री स्वर्णिम वाग्लेले केही वर्षअघि प्रदेशसभा खारेज गर्ने अभिव्यक्ति दिएका थिए । उनको सो भिडियो चुनावको बेलामा निकै भाइरल भएको थियो । त्यतिबेला उनी प्रदेशसभा खारेज गरेर काउन्सिलको मोडलमा जानुपर्ने तर्क गरेका थिए ।

सभापति रवि लामिछाने पनि प्रदेशसभा आवश्यक नरहेको भन्ने भाष्य केही महिना अघिसम्म बोल्दै आए पनि अहिले उनी भने मौन छन् ।

अहिले रास्वपाले प्रदेशको सन्दर्भमा कस्तो धारणा राख्छ भन्ने चासोको विषय बनेको छ । प्रदेशसभाका अलावा रास्वपाको अभिमत प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था पनि हो । शासकीय प्रणालीको स्वरुप सुधारमा रास्वपाले पहिलादेखि नै आफ्नो एजेण्डा उठाउँदै आएको छ । यसका अलावा चुनाव प्रणालीमा पनि उसले संशोधनको माग राख्दै आएको छ ।

त्यसो त रास्वपाले संविधान संशोधनको क्रममा 'राइट टु रिकल' र विदेशमा रहेका नेपालीलाई मतदानको व्यवस्थाका लागि बाटो खोल्न पनि खोजेको छ ।

रास्वपाका एक नेताका अनुसार प्रधानमन्त्री साहको अहिले आन्तरिक रुपमा रास्वपाको वाचापत्र अनुसार अघि बढ्न खोजे पनि शासकीय स्वरुपबारे अहिले नै अघि बढ्न चाहे पनि छिट्टै नै संघीयताको सवालमा पनि सोही अनुसारको निर्णय लिन सक्ने आँकलन गरे । अहिले प्रधानमन्त्री साह राजनीतिक दलहरूको नाडी छाम्ने प्रयासमा रहेको जस्तो देखिए पनि विस्तारै संघीयताबारे समेत स्पष्ट रुपमा अघि बढ्ने उनको भनाइ छ । तर अहिले नै भने संघीयता खारेजी वा संघीयको मोडेलबारे स्पष्ट रुपमा अघि बढ्ने सम्भावना नरहेको ती नेताले बताए ।

विषेशगरी प्रधानमन्तत्री साहले तीनवटा मुद्दामा दलहरूको धारणा र सामर्थ्य बुझ्ने प्रयास गरेका छन् । कार्यकारी प्रधानमन्त्री, प्रदेशको पुनसंरचना र चुनाव प्रणालीमा कांग्रेस, एमाले र नेकपाको धारणा लिन खोजेका छन् ।

यता साह नेतृत्वको सरकारले संविधान संशोधन बहसपत्र तयार गर्नका लागि शाहको अध्यक्षतामा कार्यदल गठन गरे पनि सो कार्यदलका सदस्यहरुको नाम भने सार्वजनिक गरिएको छैन ।

सरकारका प्रवक्ता मन्त्री पोखरेलले संविधान संशोधन बहसपत्र तयार गर्न प्रधानमन्त्रीको राजनीतिक सल्लाहकारको अध्यक्षतामा संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधिहरू समेत रहने गरी कार्यदल गठन गरिने बताए ।



# तलब निकासा गर्न शिक्षकको माग

**टुडे समाचारदाता**



लहान । पुस महिनादेखि तलब नपाएको भन्दै तत्काल तलब निकासा गरिदिन माग सहित सिरहाको लहान नगरपालिकाका शिक्षक तथा कर्मचारीहरूले ज्ञापनपत्र बुझाएका छन् ।

इलाका प्रशासन कार्यालयमार्फत सम्बन्धित निकायमा तलब नपाएका शिक्षक-कर्मचारीहरूले ज्ञापनपत्र बुझाएका हुन् । र लहान नगरपालिकाका ५९ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूले इलाका प्रशासन कार्यालय लहानका प्रमुख वेदनिधि खनाल र लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीलाई ज्ञापनपत्र बुझाएका छन् ।

गत चार महिनादेखि तलब नपाउँदा बैंकको ब्याज तिर्न नसकेको, बालबच्चाको विद्यालय शुल्क बुझाउन समस्या भएको, घरायसी समस्या बढेको तथा नयाँ शैक्षिक सत्र सुरु भइसकेकाले पाठ्य पुस्तकलगायत विद्यालयका नियमित कामकाज सञ्चालन गर्न कठिनाइ भइरहेको ज्ञापनपत्रमा भनिएको छ ।

शिक्षक संघ लहानका अध्यक्ष नारायण साह र नेपाल राष्ट्रिय शिक्षक संगठन लहान नगरकमिटीका अध्यक्ष बद्री नारायण चौधरीको अगुवाइमा ज्ञापनपत्र बुझाइएको छ । दुई दिनअघि लहान नगरपालिकाका कर्मचारीहरूले पनि तलब निकासाको माग गर्दै इलाका प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएका थिए ।

ज्ञापनपत्र बुझ्दै इलाका प्रशासन कार्यालय लहानका प्रमुख खनालले तलब निकासाका लागि सम्बन्धित निकायमा पहल गरिने विश्वास व्यक्त गरेका छन् । लहान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जयकान्त झाको सरुवा भई नयाँ प्रमुखलाई नगरप्रमुखले हाजिर हुन नदिएको कारण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट बैंक खाता रोकिँदा आर्थिक गतिविधि ठप्प भएको उनले बताए ।

यता लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले नगरपालिकाको प्रशासनिक कार्य सञ्चालनका लागि उपसचिवस्तरकै प्रमुख प्रशासकीय अधिकृत आवश्यक भएकाले सरुवा भएर आएका शिक्षा शाखा हेर्ने खिम भुजेललाई हाजिरी नगराइएको बताएका छन् । उपसचिवस्तरको प्रमुख पठाउन पटक-पटक विभाग र मन्त्रालयमा जानकारी गराउँदै आएपनि कुनै चासो नलिइएको उनले बताए ।

शिक्षक, कर्मचारी र सरसफाइकर्मीसहित करिब एक हजार जनाको तलब तथा विकास निर्माणको भुक्तानी दिन सकिएको छैन । तलब नपाएका शिक्षक-कर्मचारीहरूले तीन दिनभित्र कुनै निकास नआए विभिन्न चरणका आन्दोलनमा उत्रिने चेतावनी दिएका छन् ।

## ऊर्जा सुधारमा सरकारको जोडः

# १८० दिनभित्र पिपिए टुङ्ग्याइने

काठमाण्डु । सरकारले गत शुक्रबार सार्वजनिक गरेको शासकीय सुधारअन्तर्गत एक सय बुँदे कार्यसूचीमा ऊर्जा तथा जलस्रोत क्षेत्रलाई प्राथमिकतामा राखिएको छ । मन्त्रिपरिषद्को शुक्रबारको निर्णयअनुसार ऊर्जा क्षेत्रको विकासलाई तीव्र बनाउने उद्देश्यसहित विभिन्न महत्त्वपूर्ण कदम अघि सारिएका छन् ।

सरकारका योजनामा ऊर्जा निर्यात रणनीति एक महिनाभित्र तयार गर्ने, विद्युत् उत्पादन, प्रसारण, वितरण तथा निर्यातमा रहेका अवरोध हटाउने, तथा पेन्डिङ रहेका विद्युत् खरिद सम्झौता (पिपिए) र अनुमतिपत्रसम्बन्धी निर्णय अधिकतम १८० दिनभित्र गर्ने सरकारको योजना छ । सरकारले उच्च मूल्य प्राप्त हुने बजार, विशेषगरी साँझको पिक समयमा केन्द्रित भएर विद्युत् निर्यात रणनीति कार्यान्वयन गर्ने लक्ष्य पनि लिएको छ ।

साथै, नेपाल विद्युत् प्राधिकरणको संरचनात्मक सुधारका लागि रोडम्याप तयार गरी कार्यान्वयन प्रक्रिया तत्काल अघि बढाइने उल्लेख गरिएको छ । ऊर्जा क्षेत्रमा दीर्घकालीन वित्तीय स्रोत सुनिश्चित गर्न सरकारी, निजी, विदेशी तथा डायस्पोरा लगानी समेटिने बहुआयामिक वित्तीय संरचना विकास गर्ने नीति पनि कार्यसूचीमा समावेश छ ।

सरकारको यस पहललाई निजी क्षेत्रले सकारात्मक रूपमा लिएको छ । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का अध्यक्ष गणेश कार्कीले ऊर्जा क्षेत्रलाई आर्थिक रूपान्तरणको प्रमुख आधार बनाउने सरकारी लक्ष्यले लगानीकर्तामा उत्साह थपिएको बताउनुभयो । विशेषगरी लामो समयदेखि रोकिएका पिपिए १८० दिनभित्र खुलाउने निर्णयले आयोजना अघि बढ्ने अपेक्षा गरिएको उहाँको भनाइ छ । उहाँका अनुसार उत्पादनसँगै प्रसारण, वितरण र निर्यात क्षेत्रमा निजी क्षेत्रको सहभागिता विस्तार गर्ने नीति कार्यान्वयन भएमा संरचनागत समस्या समाधानमा टेवा पुग्नेछ । ऊर्जा निर्यात रणनीति शीघ्र तयार गर्ने प्रतिबद्धताले पनि ऊर्जा व्यापार विस्तारमा सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ ।



इप्पानले नेपाल विद्युत् प्राधिकरणको संरचनात्मक सुधार, औद्योगिक सुरक्षा संयन्त्र सुदृढीकरण तथा दीर्घकालीन वित्तीय स्रोत व्यवस्थापनका लागि बहुआयामिक लगानी संरचना विकास गर्ने योजनालाई स्वागत गरेको छ । यसैगरी, खानेपानी तथा सरसफाइ क्षेत्रमा देखिएको समन्वय अभाव अन्त्य गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको नेतृत्वमा एकीकृत संयन्त्र गठन गरिने भएको छ । काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, नेपाल खानेपानी संस्थान र खानेपानी तथा ढल व्यवस्थापन विभागलाई समेट्दै "एकीकृत खानेपानी समन्वय टास्कफोर्स" गठन गरिनेछ, जसले ३० दिनभित्र सुधार प्रस्ताव पेस गर्नेछ ।

पोखरास्थित फेवा तालको संरक्षित जलाधार क्षेत्रमा देखिएको अतिक्रमण हटाउने, पुनःस्थापना गर्ने तथा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम तीन महिनाभित्र अघि बढाइने योजना पनि सरकारले अघि सारेको छ । त्यस्तै, सहरी विकास तथा फोहरमैला व्यवस्थापनसम्बन्धी विधेयक सङ्घीय संसद्मा पेस गर्न दुई महिनाभित्र मन्त्रिपरिषद् समक्ष प्रस्ताव लैजाने तयारी छ ।

शासकीय सुधार कार्यसूची : स्वास्थ्य क्षेत्रमा डिटिजल प्रणाली चुस्त बनाइने

मन्त्रिपरिषद्को चैत १३ को बैठकबाट स्वीकृत शासकीयसम्बन्धी एक सय कार्यसूचीमा स्वास्थ्य क्षेत्रको सुधारका लागि ६ वट बुँदा समेटिएको छ । जसमा डिजिल प्रणाली चुस्त बनाउने सरकारको प्राथमिकतामा रहेको छ ।सरकारले विपन्न, असहाय तथा बेवारिसे बिरामीले अस्पताल सेवामा पहुँच नपाउने, आर्थिक कारणले उपचारबाट वञ्चित अवस्थाको अन्त्य गर्न र निजी-सरकारी दुवै क्षेत्रमा सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्न सरकारी तथा निजी अस्पतालका कुल शय्यामध्ये कम्तीमा १० प्रतिशत निःशुल्क उपलब्ध गराउने व्यवस्था कडाइका साथ तत्काल कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

यसैगरी सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा निःशुल्क सेवा उपलब्धता, लाभग्राही विवरण तथा सेवा उपयोगको रियल टाइम अनुगमनका लागि 'फ्रि हेल्थ पोर्टल' विकास गरी उक्त पोर्टल ३० दिनभित्र देशभर लागू गर्ने सरकारले निर्णय गरेको छ । बिरामीको उपचार इतिहास, रिफरल, पुनःसेवा र क्लिनिकल फलोअप व्यवस्थित गर्न बिरामीको अभिलेख प्रणालीका लागि डिजिटल, एकीकृत र अन्तरआबद्ध स्वास्थ्य सूचना प्रणाली विकास तीन महिनाभित्र गर्ने र अनावश्यक निजी अस्पताल रिफर गर्ने प्रवृत्ति नियन्त्रण गर्न स्पष्ट 'रिफर प्रोटोकल' लागू गर्ने सरकारको योजना रहेको छ ।

सरकारी अस्पतालमा स्वास्थ्यकर्मीको उपस्थिति, व्यवहार, सरसफाइ र सेवाको आधारभूत मापदण्ड सुनिश्चित गर्न ' अटेन्डेस मोनिटरिङ', 'कन्डक्ट रिभ्यू' र ' क्लिनिलेन्स अडिट' एक हप्ताभित्र अनिवार्य गर्ने तथा सम्पूर्ण सेवा प्रवाहलाई नागरिकमैत्री र जवाफदेही बनाउने भनिएको छ । अस्पताल फार्मेसीमा औषधिको मौज्दात तथा मूल्य देखिने डिजिटल प्रणाली तीन महिनाभित्र सञ्चालन गर्ने गरी व्यवस्थापन गर्ने भनिएको छ ।

यसैगरी नागरिकलाई गुणस्तरीय तथा सस्तो मूल्यमा औषधि उपलब्ध गराउने उद्देश्यले, देशभरका सरकारी अस्पताल तथा प्रमुख स्वास्थ्य संस्थामा 'सुलभ फार्मेसी' सञ्चालन गर्ने व्यवस्था लागू गर्ने, उक्त फार्मेसीमार्फत आवश्यक औषधि जेनेरिक नाममा न्यूनतम मूल्यमा उपलब्ध गराउने, निजी क्षेत्रसँग सहकार्य गरी आपूर्ति व्यवस्थापन सुदृढ गर्ने र उक्त कार्यक्रम एक सय दिनभित्र चरणबद्ध रूपमा देशभर सञ्चालनमा ल्याउने सरकारको कार्यसूची रहेको छ ।

जलन उपचारका लागि प्रदेशस्तरमा सुविधासम्पन्न अस्पतालको अभाव हुँदा मृत्युदर, अपाङ्गता र दीर्घकालीन पुनःस्थापना समस्या बढ्ने अवस्थाको समाधान गर्न ३० दिनभित्र अधिकांश अस्पतालमा बर्न वार्ड स्थापना प्रक्रिया सुरु गर्ने र जलनका बिरामीका लागि सहुलियत दरमा उपचार हुने व्यवस्था मिलाउने भनिएको छ ।

सुदूरपश्चिम, मध्य तथा पूर्वी नेपालका पहाडी क्षेत्रमा आपतकालीन स्वास्थ्य सेवाका लागि एयर एम्बुलेन्स तयारी अवस्थामा राखे व्यवस्था तत्काल लागू गर्ने सरकारको प्राथमिकता रहेको छ । जनस्वास्थ्य विद् डा शरद वन्त सरकारले वाचा र प्रतिबद्धता गरेका कार्यसूची एक्सनमा गएर परिणाम ल्याए मात्र जनताले अनुभूत गर्न पाए यी कार्यसूचीहरूको सार्थकता हुने बताउनुहुन्छ ।

उहाँका अनुसार हरेक सरकारले स्वास्थ्य क्षेत्रमा सुधारका लागि कागजी प्रतिबद्धता गर्दै आएका छन्, तर अझै जनताले प्रत्याभूत गर्न पाएका छैनन् । उहाँ भन्नुहुन्छ, "संविधानमा उल्लेख गरिएकालाई पालना गर्न सके पनि स्वास्थ्य क्षेत्रमा धेरै सुधार हुन सक्छ । संविधानले सुनिश्चित गरेका आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा पनि जनताले अनुभूत गर्न पाएका छैनन् ।" स्वास्थ्यका जानकारहरूले सरकारको प्राथमिकतामा स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण रूपमा हेरिएको स्वास्थ्य बिमा कार्यक्रम नसमेटिएको भनेर चासो र चिन्ता व्यक्त गरेका छन् । रासस

# कार्यसम्पादन सूचक ४५ दिनभित्र तयार गरिने




काठमाण्डु । सरकारले कर्मचारीहरूको कार्यसम्पादनलाई परिणामसँग जोड्न प्रत्येक पदको कार्यविवरणको वस्तुनिष्ठ कार्यसम्पादन सूचक सम्बन्धित सार्वजनिक निकाय/कार्यालयले ४५ दिनभित्र तयार गर्नुपर्ने निर्देशन जारी गरेको छ । सरकारले कार्यसम्पादन मूल्याङ्कन कमजोर हुँदा राम्रो र खराब कार्यसम्पादनलाई समान व्यवहार गर्ने प्रवृत्ति हटाउन ९० दिनभित्र कार्यसम्पादनमा आबद्ध उत्तरदायित्व र पुनरावलोकन प्रणाली लागू गरिने जनाएको छ । सरकारले शासकीय सुधारका लागि शुक्रबार एक सय कार्यसूची सार्वजनिक गरेको थियो ।

कार्यसूचीका अनुसार सार्वजनिक निकायको सेवाको गुणस्तर प्रमाणीकरण गर्ने व्यवस्था गरी उत्कृष्ट निकायलाई प्रोत्साहित गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहबाट प्रवाह हुने सेवाको गुणस्तर प्रमाणीकरण मापदण्ड ४५ दिनभित्र तयार गर्नुपर्नेछ । त्यस्तै सरकारले मन्त्रालयहरूको सङ्ख्या आवश्यकताभन्दा ठूलो भई चालु खर्च बढेको समस्यालाई समाधान गर्न ३० दिनभित्र मन्त्रालयको सङ्ख्या घटाउने निर्णय गरेको छ । त्यसका लागि मौजुदा नेपाल सरकार (कार्य विभाजन) नियमावली संशोधन गरी सङ्घीय मन्त्रालयको सङ्ख्या १७ कायम गरिनेछ ।

मन्त्रालयहरूको सङ्ख्या पुनरावलोकन गर्ने सन्दर्भमा हाल कायम रहेका दरबन्दीसमेत व्यवस्थापन गर्नुपर्ने भएमा सेवा प्रवाहलाई असर नपर्ने गरी बढुवा व्यवस्थापन गर्नुपर्ने कार्यसूचीमा उल्लेख छ । सबै सार्वजनिक निकायले सेवा प्रवाहमा विद्यमान दोहोरोपन, जटिलता तथा अनावश्यक प्रक्रियाका कारण सेवा प्रवाह ढिलो, खर्चिलो र अप्रभावकारी भएको अवस्थालाई अन्त्य गर्न आवश्यक कानुन संशोधनका लागि मस्यौदा बनाउने प्रक्रिया अघि बढाउनुपर्नेछ ।

नेपाल सरकारअन्तर्गत रहेका अनुत्पादक, दोहोरो कार्यक्षेत्र भएका तथा अनावश्यक वित्तीय भार सिर्जना गर्ने बोर्ड, समिति, आयोजना तथा संस्थागत संरचनाको समग्र मूल्याङ्कन गरी खारेज, एकीकरण वा पुनःसंरचना गरिनेछ । त्यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि रहेको एक उच्चस्तरीय कार्यदल गठन गर्ने तथा सो कार्यदललाई एक महिनाभित्र स्पष्ट सिफारिससहितको प्रतिवेदन पेस गर्न कार्यादेश दिइएको छ ।

कार्यसूची अनुसार सार्वजनिक प्रशासनलाई पूर्णतः राजनीतिक हस्तक्षेपबाटमुक्त गर्दै निष्पक्ष, तटस्थ र नागरिकप्रति उत्तरदायी बनाइनेछ । विद्यमान भ्रष्टाचार, ढिलासुस्ती तथा सेवाग्राहीप्रति असहज व्यवहारजस्ता प्रवृत्तिको सुधार गर्दै कर्मचारीतन्त्रलाई उत्तरदायी, सेवामुखी, जनमुखी र उदाहरणीय बनाउन कर्मचारी आचारसंहिता अक्षरशः कार्यान्वयन गरिनेछ ।

यसैगरी सङ्घ, प्रदेश तथा स्थानीय तहको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको राष्ट्रिय मापदण्ड १५ दिनभित्र तर्जुमा गरी स्वीकृत गरिनेछ । शिक्षकको सिटरोल दर्ता तथा अवकाश पश्चातका सेवा सुविधा व्यवस्थापन आगामी आर्थिक वर्षदेखि प्रदेशको शिक्षा हेर्ने मन्त्रालयबाटै गर्ने व्यवस्था मिलाइने कार्यसूचीमा उल्लेख छ ।

सरकारी कार्यालयको भौतिक पूर्वाधार र स्तरीकृत विन्यासका लागि सहरी विकास मन्त्रालयले दुई महिनाभित्र न्यूनतम मापदण्ड तर्जुमा गरी १०० दिनभित्र कार्यान्वयनमा लैजाने बताइएको छ । नागरिकलाई सरकारी सेवा लिन धेरै कार्यालय धाउनुपर्ने, प्रक्रियागत झन्झट व्यहोर्नुपर्ने तथा समय र लागत दुवै बढ्ने अवस्थाको अन्त्य गर्न प्रमुख सहरमा 'एजेन्सिफिकेसन मोडालिटी'मा नागरिक सेवा केन्द्र सञ्चालन गरिने र त्यस्ता केन्द्रहरूलाई दैनिक कम्तीमा १२ घण्टा सञ्चालन गर्ने व्यवस्था मिलाइने भएको छ ।

नागरिकलाई छिटो, सहज र बिचौलियामुक्त सेवा उपलब्ध गराउन नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र तथा जिल्ला प्रशासन कार्यालयबाट प्रदान हुने सम्पूर्ण सेवाहरूलाई डिजिटल तथा एकीकृत प्रणालीमार्फत सञ्चालन गरिनेछ । रासस

# आगामी बजेटबारे चार मन्त्रालयसँग छलफल

काठमाण्डु । आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका लागि चारवटा मन्त्रालयले प्रस्ताव गरेका योजना तथा कार्यक्रममाथि छलफल भएको छ । बजेट तर्जुमाको प्रारम्भिक चरणअन्तर्गत अर्थ मन्त्रालयको समन्वयमा राष्ट्रिय योजना आयोगले सोमबार गृह मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा प्रस्तावित योजना तथा कार्यक्रममाथि छलफल गरेको आयोगका प्रवक्ता हरिशरण पुडासैनीले जानकारी दिनुभयो ।




आयोगले हिजो आइतबार अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग बजेटसम्बन्धी छलफल गरेको थियो । योजना आयोगले तयार पारेको मध्यमकालीन खर्च संरचना, राष्ट्रिय स्रोत अनुमान समितिले निर्धारण गरेको बजेट सीमा (सिलिङ) र अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शनका आधारमा मन्त्रालयहरूले आफ्ना योजना तथा कार्यक्रम मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस) मा प्रविष्ट गरिरहेका छन् ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार प्रत्येक मन्त्रालयले प्राप्त बजेट सीमा र मार्गदर्शनको अधिनमा रही आफ्नो मातहतका निकायको नीति, कार्यक्रम र बजेट प्रस्ताव तयार गरी समयसीमाभित्र राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पेस गर्नुपर्ने व्यवस्था छ । त्यसका लागि अर्थ मन्त्रालयले चैत १५ गते सम्मको समयसीमा मन्त्रालयहरूलाई दिएको थियो ।नवनियुक्त अर्थमन्त्री डा स्वर्णिम वाग्लले आगामी आर्थिक वर्षका लागि रुपान्तरणकारी बजेट ल्याइने बताउँदै आउनुभएको छ । रासस

# अवैद्य कुखुरासहित गाडी नियन्त्रणमा

**टुडे समाचारदाता**

रौतहट । अवैध रूपमा चोर बाटो प्रयोग गरी नेपाल भित्र्याइएका बोइलर कुखुरा लोड गरिएको गाडी रौतहट प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्गा भगवती गाउँपालिका-३ अन्तर्गत मत्सरी क्षेत्रबाट इलाका प्रहरी कार्यालय गंगापिपराको टोलीले उक्त गाडी नियन्त्रणमा लिएको हो ।

रौतहट प्रहरी प्रमुख एसपी सिताराम रिजालका अनुसार रौतहट कुखुरा व्यवसायी संघको विशेष सुराकीका आधारमा गरिएको कारबाहीमा सोमबार बिहान करिब ६:४० बजे दक्षिणबाट उत्तरतर्फ आउँदै गरेको ना.५ च. ३५६५ नम्बरको बोलेरो गाडीलाई गौर-गंगापिपरा सडक खण्डबाट रोकिएको थियो ।

उक्त गाडीमा ३५० पिस (करिब ७५० केजी) बोइलर कुखुरा लोड गरिएको थियो। ती कुखुरा राजपुर नगरपालिका-५ स्थित मुस्कान पोल्ट्रि फर्मबाट गरुडा नगरपालिका-९ तर्फ लैजाँदै गरेको अवस्थामा नियन्त्रणमा लिइएको हो ।

गाडी चालक गरुडा नगरपालिका-९ का २६ वर्षीय अनवारुल हकलाई नियन्त्रणमा लिई कुखुरासहित आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय गौर पठाइएको छ ।

स्रोतका अनुसार मुस्कान पोल्ट्रि फर्मका सञ्चालक रामप्रवेश साह भारतीय बोइलर कुखुरा अवैध रूपमा भित्र्याउने कार्यमा संलग्न रहेको आरोप छ । उनले सीमावर्ती क्षेत्रबाट चोर नाका प्रयोग गरी कुखुरा ल्याई आफ्नै फर्मको बिल प्रयोग गरेर कारोबार गर्ने गरेको स्रोतको दाबी छ ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आर्थिक पक्षमा सुधार आउनेछ, तर खर्च नियन्त्रण गर्न आवश्यक छ । |
| वृष : | आज अलि संयमित भएर निर्णय लिनु राम्रो हुन्छ । |
| मिथुन : | नयाँ योजना बनाउन र कार्यान्वयन गर्न उत्तम समय हो । |
| कर्कट : | कामको चाप बढ्न सक्छ तर मेहनतको फल पक्कै पाइनेछ । |
| सिंह : | नेतृत्व गर्ने अवसर प्राप्त हुन सक्छ । |
| कन्या : | आज सोचेर मात्र निर्णय लिनु राम्रो हुन्छ । अनावश्यक चिन्ता नगर्नुहोस् । |
| तुला : | सन्तुलन कायम राख्न सके राम्रो उपलब्धि हात लाग्नेछ । |
| वृश्चिक : | गोप्य योजना सफल हुने संकेत छ । प्रेम सम्बन्धमा सावधानी अपनाउनुहोस् । |
| धनु : | आज भाग्यले साथ दिनेछ । नयाँ काम सुरु गर्न उपयुक्त समय हो । |
| मकर : | व्यवसायमा राम्रो नाफा हुन सक्छ । |
| कुम्भ: | नयाँ सोच र आइडियाले सफलता दिलाउनेछ । |
| मीन: | आज भावनात्मक रुपमा अलि कमजोर महसुस हुन सक्छ । |

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधामको गंगासागर पुर्वतिर रहेको हेरिटेज वाक साइटलाई अतिक्रमण मुक्त गराएर सफा गरिएपछि देखिएको सुन्दर दृश्य । तस्बिर : टुडे

# प्रधानमन्त्री शाहद्वारा सांसदहरूसँग छलफल



काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहले सङ्घीय सांसदहरूसँग चरणबद्ध छलफल आरम्भ गर्नुभएको छ । उहाँले सोमबार सिंहदरबारमा कोशी र कर्णाली प्रदेशबाट प्रतिनिधित्व गर्नुहुने विभिन्न राजनीतिक दलका सांसदहरूसँग छलफल गर्नुभएको हो ।

प्रधानमन्त्री शाहले सम्बन्धित क्षेत्रका समस्या र मुद्दा तथा काम गर्न सकिने सम्भावनाका बारेमा सांसदहरूसँग छलफल गर्नुभएको राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद अशोककुमार चौधरीले रासससलाई जानकारी दिनुभयो । "प्रधानमन्त्रीज्यूले क्षेत्रगत विषयमा समस्या, क्षेत्रगतरूपमा 'ब्रिफिङ' लिनुभयो । तत्काल गर्नुपर्ने कामको बारेमा जानकारी लिनुभयो", उहाँले भन्नुभयो ।

प्रत्येक सांसदले क्षेत्रगतरूपमा आ-आफ्नो समस्या राखेको सांसद चौधरीले जानकारी दिनुभयो । सांसद चौधरीले आफूले ट्रेड युनियनहरूले उठाइरहेको लेबी शुल्क रोक्नका लागि श्रम ऐनको २०७४ दफा ३८ (ज) संशोधन गर्नुपर्नेबारेमा ध्यानाकर्षण गराएको बताउनुभयो ।रासस

# अझै सुरु भएन सुक्खा बन्दरगाह निर्माणको काम



जलेश्वर । सदरमुकाम जलेश्वर नगरपालिका-१ मा किरानापसल सञ्चालन गर्दैआउनुभएका सरोज साह चार वर्ष अघि आफ्नै जिल्लाको मूलभन्सार कार्यालयमा सुक्खा बन्दरगाह निर्माण हुने भएपछि हौसिनुभएको थियो । ठूलो परिमाणमा भारत तथा तेस्रो मुलकसँग व्यापार व्यवसाय गर्नका लागि आवश्यक सुविधा तथा व्यवस्था "सुक्खा बन्दरगाह र एकीकृत जाँचचौकी आफ्नै जिल्लाको मूल भन्सारमा उपलब्ध हुने भन्दै उहाँ खुसी हुनुभएको हो । तर अहिलेसम्म पनि सो कार्यको सुरुआत नहुँदा साह निराश हुनुहुन्छ ।

जलेश्वर-३ स्थित मलिवाडामा चार वर्ष अघि नै सुक्खा बन्दरगाह निर्माण हुने भनिएको थियो । तर अझै सो कार्यको सुरुआत भएको छैन । नेपालको उत्तरी तथा दक्षिणी दुवै छिमेकी राष्ट्रबाट हुने अन्तरदेशीय तथा तेस्रो मुलुकबाट हुने व्यापारका लागि जलेश्वर-३ मलिवाडास्थित मुख्यभन्सार नाकामा सुक्खा बन्दरगाह र एकीकृत जाँच चौकी निर्माण प्रक्रिया सुरु हुन सकेको छैन् ।

आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारको नीति तथा कार्यक्रममा सन् २०२७ सम्म योजना सम्पन्न गर्ने लक्ष्यसहित जलेश्वर भन्सारमा सुक्खा बन्दरगाह सञ्चालन गर्ने योजना ल्याइएको थियो । तर त्यस निर्माण कार्यको प्रक्रिया अझै अघि बढ्न नसक्दा महोत्तरीसहित यस भन्सारबाट नजिक रहेका अन्य जिल्लाका व्यवसायी पनि दुःखी एवं निराश भएको जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष शिवचन्द्र चौधरीले बताउनुभयो । उहाँका अनुसार छिमेकी राष्ट्र भारतको बिहार राज्यको सीतामढी जिल्लाको भिट्ठामोड सहरमा भारतीय पक्षले जग्गा अधिग्रहण गरी पर्खाल र केही भौतिक संरचना पनि निर्माण गरिसकेको छ । तर, नेपालतिर अहिले पनि सो निर्माण प्रक्रिया सर्वेक्षणमै सीमित रहेकोप्रति चिन्ताव्यक्त गर्नुभयो ।

जलेश्वर भन्सार नाकामा सुक्खा बन्दरगाह र एकीकृत जाँच चौकी निर्माण अलपत्र परेको विषय महोत्तरीमा प्रत्येक निर्वाचनको बेला सबै उम्मेदवारको साझा मुद्दासमेत बन्ने गरेको छ। जलेश्वर-३ मलिवाडामा सुक्खा बन्दरगाह निर्माणका लागि ६५ बिघा जग्गा उपलब्ध गराउने प्रयास भएको छ। यसका लागि इन्टर मोडेल यातायात विकास समितिले गत साउनमै तयार पारेको सर्वे रिपोर्ट उद्योग मन्त्रालय हुँदै अर्थ मन्त्रालयमा पुगको बताइएको छ।

जलेश्वर भन्सार महोत्तरी र धनुषाको प्रमुख नाकासमेत भएकाले व्यापारीले तेस्रो मुलुकसँगको व्यापार पनि यसै भन्सारबाट हुनुपर्ने माग गर्दैआएका छन् । भारतको राजधानी नयाँदिल्ली र व्यापारिक सहर कोलकाता यहाँबाट नजिक भएकाले जलेश्वर भन्सारमा सुक्खा बन्दरगाह निर्माण आवश्यक छ । जलेश्वर भन्सारमा सुक्खा बन्दरगाह निर्माण भई सञ्चालनमा आएपछि भारतसहित तेस्रो मुलुकसँगको आयात सहज हुने र यसै बन्दरगाहबाट यस क्षेत्र तथा पायक क्षेत्रको उत्पादन निर्यात गर्न पनि सरल एवं सहज हुने व्यापारी बताउँछन् ।रासस

# सहकारी क्षेत्रको सङ्कट समाधान गर्न 'सुशासन मार्गचित्र'




काठमाण्डु । सरकारले सहकारी क्षेत्रमा देखिएको सङ्कट समाधान गर्न 'सुशासन मार्गचित्र, २०८२' मार्फत बहुआयामिक सुधारको खाका सार्वजनिक गरेको छ ।

आइतबार सार्वजनिक मार्गचित्रले बचतकर्ताको रकम फिर्ता, नियामकीय संरचना पुनर्गठन, कानुनी कडाइ र प्रविधिमैत्री निगरानी प्रणाली लागू गर्ने प्रबन्ध मिलाउन सिफारिस गरेको छ। पछिल्लो समय देशभर समस्याग्रस्त सहकारीहरूमा अर्बौं रकम फसेको पृष्ठभूमिमा मार्गचित्रमार्फत यस्तो सुझाव आएको हो ।

सो मार्गचित्रअनुसार सरकारले सबैभन्दा पहिलो प्राथमिकता साना बचतकर्तालाई दिएको छ । समस्याग्रस्त सहकारीका बचतकर्ताहरूमध्ये पाँच लाख रुपैयाँसम्म बचत भएका सदस्यहरूको पहिचान गरी 'बचत तथा कर्जा सुरक्षण कोष'मार्फत प्राथमिकताका आधारमा तत्काल बचत फिर्ता गर्ने प्रस्ताव गरिएको छ। यसका लागि निश्चित समयसीमा तोकेर सार्वजनिक सूचना जारी गर्ने र निक्षेप सुरक्षाको कानुनी प्रत्याभूति दिने उल्लेख छ । यदि असुल गरिएको सम्पत्तिबाट रकम फिर्ता हुन नसकेको अवस्थामा पनि सुरक्षण कोषबाट पाँच लाख रुपैयाँसम्मको रकम फिर्ता हुने ग्यारेन्टी गरिनुपर्ने मार्गचित्रमा उल्लेख छ ।

साना बचतकर्ताको रकम फिर्तालाई सहज बनाउन सरकारले आवश्यक परे सहकारी ऋणपत्र जारी गरी तरलता व्यवस्थापन गर्ने योजना पनि अघि सारेको छ। त्यस्तै, पाँच लाख रुपैयाँ भन्दामाथिको बचतका हकमा दामासाहीका आधारमा वितरण गरिनुपर्ने र निक्षेपकर्ताको प्राथमिकता सूची तयार गरिनुपर्ने उल्लेख छ । बचत फिर्ता नभएसम्म समस्याग्रस्त सहकारीका सञ्चालकहरूको अन्य व्यावसायिक कारोबार र आम्दानीमाथि समेत कानुनी निगरानी राखिने प्रावधान प्रस्ताव गरिएको छ। मार्गचित्रले संस्थागत सुधारतर्फ थप कडा प्रावधान सिफारिस गरेको छ । हालको सहकारी विभाग खारेज गरी अर्धन्यायिक र कार्यकारी अधिकारसहितको स्वायत्त 'सहकारी नियमन प्राधिकरण' बनाइनुपर्ने प्रस्ताव गरिएको छ।

उक्त प्राधिकरणलाई दोषी सञ्चालकको राहदानी रोक्का गर्ने, बैंक खाता र सम्पत्ति फ्रिज गर्ने तथा व्यक्तिगत सम्पत्ति जफत गरी लिलाम गर्नेसम्मका अधिकार दिने योजना छ । मन्त्रालयमा भने नीतिगत कार्यका लागि सहकारी महाशाखा मात्र राखिने उल्लेख गरिएको छ।

त्यस्तै, प्रत्येक समस्याग्रस्त सहकारीका लागि छुट्टाछुट्टै 'डेडिकेटेड टास्क फोर्स' गठन गरिने र सम्पत्ति व्यवस्थापनका लागि 'एसेट म्यानेजमेन्ट कम्पनी' मोडेलमा स्थायी संरचना बनाइने प्रस्ताव गरिएको छ । साथै, नियमनकारी निकायमा वित्तीय विश्लेषण, फोरेन्सिक अडिट र साइबर नियमनका विज्ञहरू अनिवार्य रूपमा राख्ने व्यवस्था गरिने जनाइएको छ।

सङ्घीय संरचनाअनुसार सहकारीको क्षेत्राधिकार पुनःवर्गीकरण गर्ने विषय मार्गचित्रको अर्को महत्वपूर्ण सिफारिस हो । सहकारीको कारोबार रकमका आधारमा एक करोड रुपैयाँसम्म स्थानीय तह, ५० करोड रुपैयाँसम्म उपमहानगर, एक अर्ब रुपैयाँसम्म प्रदेश र पाँच अर्ब रुपैयाँभन्दा माथि सङ्घीय तहको अधिकार क्षेत्र हुने प्रस्ताव गरिएको छ । साथै, कारोबार सीमा नाघेपछि स्वतःस्तर परिवर्तन हुने 'अटो अपग्रेड/डाउनग्रेड' प्रणाली लागू गरिनुपर्ने उल्लेख छ।

तीनै तहका सरकारबीच तथ्याङ्क आदानप्रदान गर्न एकीकृत डिजिटल सर्भर स्थापना गर्ने, अन्तरसरकारी सुपरीवेक्षण संयन्त्र बनाउने र एक तहमा समस्याग्रस्त घोषित सञ्चालकलाई अर्को तहमा जिम्मेवारी लिन कानुनी बन्देज लगाउने व्यवस्था पनि प्रस्ताव गरिएको छ । नयाँ सहकारी दर्ता स्थानीय तहबाट मात्र हुने र प्रदेश तथा सङ्घीय तह नियमनमा सीमित रहने नीति लिइएको छ।

कानुनी सुधारअन्तर्गत सहकारी ऐन तथा नियमावली संशोधन गरी क्षेत्राधिकार र व्यावसायिक सीमाहरू स्पष्ट पारिनुपर्ने उल्लेख छ। 'एक व्यक्ति, एक सहकारी' नीति कडाइका साथ लागू गरिने र व्यक्तिगत बचतको सीमा तोक्ने प्रावधान ल्याइने जनाइएको छ। महासङ्घहरूलाई बचत तथा ऋण कारोबार गर्न पूर्ण रूपमा बन्देज लगाई केवल प्रवर्द्धनात्मक भूमिकामा सीमित गरिने प्रस्ताव गरिएको छ।

रुग्ण सहकारीलाई सबल संस्थासँग गाभ्ने बाध्यात्मक तथा प्रोत्साहनमूलक ' मर्जर' नीति लागू गरिनेछ भने सहकारीलाई गैरकानुनी सम्पत्ति शुद्धीकरणको माध्यम बन्न नदिन एएमएल/सीएफटीसम्बन्धी कानुन कडाइका साथ कार्यान्वयन गरिनेछ। सञ्चालक तथा पदाधिकारीहरूको योग्यता, अनुभव र आचरणसम्बन्धी कडा मापदण्ड पनि तोकिने भएको छ।

प्रविधि र वित्तीय सुशासनतर्फ सहकारी, बैंक तथा सरकारी निकायबीच सूचना प्रणाली अन्तरआबद्ध गरिने जनाइएको छ । कोपोमिस प्रणाली अनिवार्य गरी एकीकृत डिजिटल तथ्याङ्क निर्माण गरिने र गलत विवरण दिने संस्थाको कारोबार रोक्का गरिने उल्लेख छ। सहकारीको बचत घरजग्गा वा सेयर बजारजस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्न रोक लगाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनुपर्ने मार्गचित्रको सिफारिस छ।

अन्तरराष्ट्रिय वित्तीय मापदण्डको अनिवार्य पालना, त्रैमासिक वित्तीय श्वेतपत्र प्रकाशन र लगातार तीन वर्ष लेखापरीक्षण नगर्ने संस्थालाई दर्ता खारेजीसम्मको कारबाही गर्ने कडा प्रावधान पनि प्रस्ताव गरिएको छ।

सरकारको यो मार्गचित्रले सहकारी क्षेत्रमा देखिएको विद्यमान सङ्कट समाधान गर्ने प्रयास गरे पनि यसको प्रभावकारिता कार्यान्वयनमा निर्भर रहने देखिन्छ। विगतमा पनि नीतिगत घोषणा भए पनि कार्यान्वयन कमजोर रहँदा समस्या झन जटिल बनेको थियो । त्यसैले, प्रस्तावित कडा प्रावधान व्यवहारमा कति लागू हुन्छन् भन्ने नै अबको मुख्य चुनौतीका रूपमा हेरिएको छ ।रासस

# यातायात कार्यालय एकान्तकुनाबाट विचौलियाको आरोपमा १५ जना पक्राउ



काठमाण्डु । यातायात व्यवस्था कार्यालय एकान्तकुनाबाट १५ जनालाई विचौलियाको आरोपमा प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर ललितपुर र मातहत प्रहरी वृत्त सातदोबाटोबाट खटिएको 'स्विप अप्रेसन' प्रहरी टोलीले आज ललितपुर महानगरपालिका-१३ एकान्तकुनाबाट उनीहरुलाई पक्राउ गरेको हो ।

ललितपुर प्रहरीले सोमबार एक सूचना जारी गरी यातायात कार्यालयमा आउने सेवाग्राहीलाई अनावश्यक हैरानी, सास्ती र अवरोध सिर्जना गर्ने गरेको पाइएपछि १५ जनालाई नियन्त्रणमा लिएको उल्लेख गरेको छ। उनीहरुलाई प्रहरी वृत्त सातदोबाटोमा राखिएको र थप आवश्यक अनुसन्धान थालिएको पनि प्रहरी परिसरले जनाएको छ।

सन नेपाल लाइफ इन्स्योरेन्सका सिइओ पक्राउ

त्यसैगरी नेपाल प्रहरीले सन लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) राजकुमार अर्यालल‌ाई पक्राउ गरेको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)को टोलीले धितोपत्रसम्बन्धी कसुरमा अनुसन्धानका लागि सिइओ अर्याललाई आज पक्राउ गरेको हो । अर्याललाई काठमाडौं महानगरपालिका वडा नं २९ न्यूप्लाजा पुतलीसडकबाट पक्राउ गरिएको हो ।


ब्यूरोका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) शिवकुमार श्रेष्ठले कर्मचारीलाई छुट्याएको सेयर बाँडफाँट सम्बन्धमा नियमनकारी निकायले माग गरेको विवरण पेस गर्दा कम्पनीबाट प्राप्त सक्कल आवेदन फाराम र त्यसका प्रतिलिपिको विवरण फरकफरक निकायमा पेस गरेकाले पक्राउ गरिएको जानकारी दिनुभयो ।

अर्यालले गरेको उक्त काम धितोपत्रसम्बन्धी ऐन २०६३ को दफा १०० विपरीत कसुर भएकाले पक्राउ गरिएको ब्यूरोले जनाएको छ। पक्राउ परेका अर्यालसँग थप अनुसन्धान भइरहेको प्रवक्ता श्रेष्ठले बताउनुभयो ।रासस

# राहदानी र कन्सुलर सेवाका लागि वृहत घुम्ती शिविर सञ्चालन हुने

काठमाण्डु । जापानस्थित नेपाली राजदूतावासले जापानको ठूलो सहर नागोयामा २०२६ अप्रिल ४ देखि ७ सम्म चार दिने वृहत घुम्ती शिविर सञ्चालन गर्ने भएको छ।

गैरआवासीय नेपाली सङ्घ, राष्ट्रिय समन्वय परिषद् जापान तथा क्षेत्रीय समिति नागोयासँगको सहकार्यमा दूतावासले घुम्ती शिविर सञ्चालन गर्न लागेको जनाएको छ ।उक्त घुम्ती शिविरमा विद्युतीय राहदानी नवीकरणका लागि 'लाइभ इन्रोलमेन्ट' कार्य, बच्चाको राहदानी नयाँ आवेदन तथा नवीकरण, यात्रा अनुमतिपत्र, अधिकृत वारेशनामा, कागजात प्रमाणीकरण, जन्मदर्तालगायत सेवाहरु प्रदान गरिने छ।



विद्युतीय राहदानी नवीकरण/नयाँ जारीका लागि एक हजार ६०० स्लट खुलाइएकामा सबै स्लट बुक भइसकेको र आवश्यकताअनुसार थप स्लट आज बेलुका ५ बजे खुलाइने दूतावासले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

यस कार्यका लागि राहदानी विभागबाटसमेत दुई जना कर्मचारी जापान जाने कार्यक्रम तय भएको छ । साथै, यस घुम्ति शिविरमा लिइएका आवेदनबाट तयार भई आएका राहदानी तथा अन्य कागजात सम्बन्धित सेवाग्राहीकै घर ठेगानामा पठाइने छ।

नेपाल सरकार/नेपाली राजदूतावासबाट निर्धारित राजस्व बाहेक कही, कतै, कुनै पनि रकम नबुझाउन र नलिन तथा उक्त राजस्व पनि सम्बन्धित स्थानमा मात्र बुझाउन दूतावासले जानकारी गराएको छ ।रासस


# सङ्घीय संसद् बैठक बोलाउन राष्ट्पतिसमक्ष सिफारिस गर्ने सरकारको निर्णय



काठमाण्डु । सरकारले यही चैत १९ गते बिहीबार दिउँसो २:०० बजे सङ्घीय संसद्को अधिवेशन बोलाउन राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

सरकारका प्रवक्ता एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले संसद् बैठक आह्वानका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरिएको जानकारी दिनुभएको हो ।बैठकले संविधान संशोधन बहसपत्र तयार गर्नका लागि प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकारको अध्यक्षतामा कार्यदल गठन गर्ने निर्णय गरिएको जानकारीसमेत दिनुभयो।

"संविधान संशोधन बहसपत्र तयार गर्न प्रधानमन्त्रीका राजनीतिक सल्लाहकारको अध्यक्षतामा संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलको प्रतिनिधित्वसहित कार्यदल गठन गर्ने निर्णय भएको छ । राष्ट्रिय सहमतिमा संशोधन बहसपत्र तयार हुन्छ", मन्त्री पोखरेलले भन्नुभयो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# महिला मन्त्रालय अरूसँग गाभ्ने निर्णय हुन सक्छ गम्भीर त्रुटि !



● सर्मिला श्रेष्ठ

महिला मन्त्रालय तत्कालीन समयमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको नाममा औपचारिक रूपमा २०५२ सालमा स्थापना भएको हो।नेपालमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको स्थापना केवल प्रशासनिक आवश्यकता नभई महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरूको हक-अधिकारको संरक्षण, सम्वर्द्धन, सामाजिक न्याय, लैंगिक समानता र मानव अधिकार सुनिश्चित गर्ने ऐतिहासिक तथा नीतिगत आवश्यकता हो।

पितृसत्तात्मक सामाजिक संरचना रहँदै आएको सन्दर्भमा नेपालमा महिला, बालबालिका तथा अन्य कमजोर वर्गहरू राज्यको सेवा, स्रोत र अवसरबाट वञ्चित हुँदै आएका थिए र छन् ।

यस अवस्थालाई सम्बोधन गर्न राज्यले विशेष संस्थागत संयन्त्रको रूपमा महिला मन्त्रालय स्थापना गरेको हो।यसको प्रमुख उद्देश्य लैंगिक विभेद अन्त्य गर्नु, महिलाको सशक्तीकरण गर्नु, हिंसा रोकथाम गर्नु तथा समावेशी विकासलाई प्रवर्द्धन गरी देशको दिगो विकासका लागि नीतिगत तथा कार्यगत पहल गर्नु हो।

संरचनागत रूपमा महत्त्व भएको भए तापनि कहिल्यै पनि प्राथमिकतामा नरहेको यस मन्त्रालय, जुन सरकार आए तापनि यसको अस्तित्वको जोखिम मोल्नु परेको अवस्था छ ।

यसको स्थापना अत्यन्त महत्वपूर्ण भए पनि समय क्रममा यस मन्त्रालयलाई विभिन्न तरिकाबाट कमजोर बनाइएको देखिन्छ। नीतिगत प्राथमिकताको अभाव हुनु, राज्यको समग्र विकास एजेन्डामा महिला तथा लैंगिक मुद्दालाई प्रायः 'क्रस-कटिङ' विषयको रूपमा मात्र हेरिनुले गर्दा यसका लागि पर्याप्त बजेट, स्रोत र राजनीतिक प्रतिबद्धता सुनिश्चित हुन सकेन।

यसले गर्दा संस्थागत संरचना कमजोर बनाइयो। मन्त्रालय अन्तर्गतका विभागहरू, कार्यक्रमहरू तथा स्थानीय तहसम्म पुग्ने संयन्त्रहरूलाई पर्याप्त जनशक्ति र स्रोत प्रदान गरिएन। निर्णय प्रक्रियामा मन्त्रालयको प्रभाव कमजोर रह्यो।ठूला नीतिगत निर्णयहरूमा महिला मन्त्रालयको भूमिका सीमित भई यसको प्रभावकारिता घट्दै गएको देखियो। हरेक पटकको सरकार गठनमा महिला मन्त्रालयलाई समृद्ध, सशक्त र अधिकार सम्पन्न बनाउनुको सट्टा गाभ्ने, खारेज गर्ने र महत्त्व नभएको चर्चा हुन थाल्यो।

संघीयता लागू भएपछि मन्त्रालयको संरचनामा झनै जटिलता थपियो।नेपालमा संघीय शासन प्रणाली लागू भएपछि महिला मन्त्रालय अझ कमजोर भएको छ। अधिकारहरू संघ, प्रदेश र स्थानीय तहमा बाँडफाँट गर्ने क्रममा सबभन्दा पहिला महिला मन्त्रालय अन्तर्गतका जिल्ला कार्यालयहरू (महिला विकास कार्यालयहरू) खारेज गरिए।महिला विकास कार्यालयले पुर्‍याउँदै आएको सेवाको विकल्पको व्यवस्था नगर्दै गरिएको खारेजीले सेवा प्रवाहमा ठूलो असर पारेको छ। पहिले जिल्लास्तरमा उपलब्ध हुने महिला सशक्तीकरण, हिंसा पीडित सहयोग, परामर्श सेवा लगायतका कार्यक्रमहरू स्थानीय तहमा अहिले पनि पर्याप्त रूपमा हस्तान्तरण हुन सकेका छैनन्।

जिल्ला कार्यालय खारेज भएपछि मन्त्रालयको प्रत्यक्ष उपस्थितिमा कमी आयो। स्थानीय तहहरू अझै पनि संस्थागत क्षमता, जनशक्ति र बजेटका दृष्टिले पूर्ण रूपमा सक्षम नभएकाले महिला तथा बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिक सम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन्।साथै, संघीय मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहबीच समन्वय अभावले नीति कार्यान्वयनमा थप समस्या सिर्जना गरेको छ। देशको आधाभन्दा बढी जनसंख्या रहेको महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपांगता भएका नागरिकको जिम्मेवारी बोकेको मन्त्रालयको अस्तित्व र प्रभावकारितामाथि प्रश्न उठेको छ। यसले मन्त्रालय कमजोर भएको सावित गरेको छ।

त्यसैगरी अहिले पनि अन्य मन्त्रालयसँग गाभ्ने विषय पछिल्ला दुई दिनमा सुन्नमा आएको छ। प्रशासनिक सुधार, खर्च कटौती र 'इफिसिएन्सी' को नाममा यस्ता प्रस्तावहरू पहिला पनि आउने गरेका थिए। अहिले पनि आएको छ।तर यो प्रश्न संरचनागत पुनर्संरचनाको विषय मात्र नभई देश विकासको महत्वपूर्ण पक्ष – लैंगिक समानता, सामाजिक न्याय, हिंसारहित समाजको निर्माण, मानव अधिकार र राज्यको दिगो विकासका प्राथमिकतासँग प्रत्यक्ष रूपमा जोडिएको महत्वपूर्ण विषय हो। यस्ता धेरै समस्याहरूलाई अझ प्रभावकारी रूपमा सम्बोधन गर्न मन्त्रालयको छुट्टै अस्तित्वको आवश्यकता छ। यस्तो महत्वपूर्ण संयन्त्रलाई अरू जस्तो 'क्रस-कटिङ' विषयका रूपमा मात्र लिनु सरकारको गम्भीर त्रुटि हुन सक्छ।




१) पहिलो दृष्टिकोणबाट हेर्दा, मन्त्रालय गाभ्ने पक्षमा केही तर्कहरू सरकारको पक्षबाट आउन सक्छन्, जस्तै सरकारको आकार सानो बनाउने, प्रशासनिक दोहोरोपन घटाउने, र स्रोत-साधनको प्रभावकारी उपयोग गर्ने तथा महिलाको मुद्दा छुट्टै सीमित विषय नभई सबै क्षेत्रमा समावेश हुनुपर्छ भन्ने तर्क आदि।तर यी तर्कहरू व्यवहारमा कति सफल हुन्छन् भन्ने प्रश्न उठ्छ।पहिलो, महिला मन्त्रालय गाभ्दा 'भिजिबिलिटी' (दृश्यता) र 'प्रायोरिटी' (प्राथमिकता) दुवै घट्ने जोखिम हुन्छ। नेपाल जस्तो पितृसत्तात्मक समाजमा महिलाका मुद्दाहरू अझै पनि गम्भीर रूपमा लिन तयार छैनन्। यदि छुट्टै मन्त्रालय नै नभएमा, यी मुद्दाहरू अन्य 'ठूला' पूर्वाधार विकासका एजेन्डाबीच ओझेलमा पर्ने सम्भावना उच्च हुन्छ, जसले विशेष रूपमा सम्बोधन गर्नुपर्ने लैंगिक हिंसा, महिला सशक्तीकरण, सामाजिक सोच-व्यवहारमा रूपान्तरण गर्नुपर्ने विषय, आर्थिक सशक्तीकरण र भेदभावका सवालहरूका साथै हिंसा, दण्डहीनता, न्यायमा पहुँच जस्ता महत्वपूर्ण विषयहरूलाई दोस्रो प्राथमिकतामा धकेल्न सक्छ।

दोस्रो, संस्थागत उत्तरदायित्व कमजोर हुन सक्छ। देशको आधाभन्दा बढी जनसंख्या भएको महिला आज पनि धेरै कुरामा पछाडि परेका छन्। छुट्टै मन्त्रालय हुँदा स्पष्ट रूपमा कसले के जिम्मेवारी लिने भन्ने निर्धारण हुन्छ। तर गाभिएको अवस्थामा महिला सम्बन्धी सवालहरू विभिन्न विभागमा छरिएर रहने सम्भावना हुन्छ, जसले अनुगमन र मूल्यांकनलाई जटिल बनाउने मात्र नभई प्राथमिकता र जबाफदेहिता पनि कमजोर हुन सक्छ।

यसले नतिजा-आधारित कामभन्दा कागजी प्रतिबद्धता मात्र बढ्ने खतरा रहन्छ।तेस्रो, संविधान तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न कठिन हुन सक्छ। महिला मन्त्रालयको औचित्यता बहुआयामिक छ। एक त नेपालको संविधानले नै समानता, गैर-भेदभाव र सामाजिक न्यायलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा १८, ३८ लगायतका प्रावधानहरूले महिलाको अधिकारलाई विशेष प्राथमिकता दिएका छन्।

नेपालले 'सिड' (ऋभ्म्बध्) तथा मानव अधिकार सम्बन्धी अन्य महत्वपूर्ण अन्तर्राष्ट्रिय सन्धिहरूमा प्रतिबद्धता जनाएको छ। यी प्रतिबद्धताहरू कार्यान्वयन गर्न विशेष संयन्त्र आवश्यक हुन्छ। यदि महिला मन्त्रालय गाभेर कमजोर बनाइयो भने परिवर्तनका मुद्दा तथा प्रतिबद्धताको प्रभावकारी कार्यान्वयनमा असर पर्न सक्छ।चौथो, नेपालको संघीय संरचनाको सन्दर्भमा यो अझ संवेदनशील विषय हो। संघीयता लागू भएपछि पहिले नै जिल्ला स्तरका महिला विकास कार्यालयहरू खारेज गरिएका छन्।यस्तो अवस्थामा केन्द्रीय मन्त्रालय समेत गाभिएमा, महिला सम्बन्धी संस्थागत संरचना झनै कमजोर हुने सम्भावना हुन्छ। स्थानीय तह अझै पनि पूर्ण रूपमा सक्षम नभएकाले, केन्द्रीय स्तरमा बलियो नेतृत्व र मार्गदर्शन आवश्यक छ।

यो निर्णयले समाजमा लैंगिक समानता र सामाजिक न्यायको अवस्थामाथि दीर्घकालीन प्रभाव पार्छ।५) पाँचौं, 'मेनस्ट्रिमिङ' को तर्क व्यवहारमा प्रायः असफल भएको देखिन्छ।सैद्धान्तिक रूपमा सबै मन्त्रालयले लैंगिक उत्तरदायित्व अपनाउनुपर्ने हो, तर व्यवहारमा यस्तो हुन सकेको छैन। धेरै मन्त्रालयहरूमा लैंगिक दृष्टिकोण अझै पनि औपचारिकतामा सीमित छ। यस्तो अवस्थामा छुट्टै मन्त्रालय हटाउनु भनेको मूल समस्या समाधान नगरी संरचना हटाउनु जस्तै हुन्छ।त्यसैले समाधान गाभ्ने होइन, सुदृढीकरण गरी स्रोत सम्पन्न शक्तिशाली मन्त्रालयको रूपमा विकास गर्नु आवश्यक छ।

अहिले पनि मन्त्रालय स्थापना गरेको समयमा जस्तै मन्त्रालयलाई 'कल्याणकारी' निकायको रूपमा मात्र नभई 'नीति-नेतृत्व गर्ने' निकायका रूपमा विकास गर्न सकिएको छैन। यसले अन्य मन्त्रालयहरूलाई उत्तरदायी बनाउने, मापदण्ड निर्धारण गर्ने र अनुगमन गर्ने भूमिका खेल्नुपर्छ।महिला मन्त्रालयलाई अन्य मन्त्रालयसँग गाभ्ने निर्णय केवल प्रशासनिक सुधारको नाममा लिनु उपयुक्त हुँदैन। नेपालको वर्तमान सामाजिक संरचना, संस्थागत क्षमता र संघीय अभ्यासलाई हेर्दा, मन्त्रालय गाभ्नु भन्दा यसलाई सशक्त, स्रोत सम्पन्न र प्रभावकारी बनाउनु नै उपयुक्त विकल्प देखिन्छ।

यदि गाभ्ने निर्णय गरियो भने, त्यो 'इफिसिएन्सी' भन्दा बढी 'इरोजन अफ प्रायोरिटी' (प्राथमिकताको क्षय) को रूपमा परिणत हुने जोखिम उच्च छ।त्यसैले सकारात्मक दृष्टिले हेर्दा, अहिलेको सन्दर्भमा महिला मन्त्रालय गाभ्नुभन्दा यसको भूमिका पुनर्परिभाषित गर्दै यस मन्त्रालयको विषय र कार्यक्षेत्रलाई राष्ट्रिय विकास एजेन्डाको केन्द्रमा राखेर पर्याप्त बजेट, स्रोत-साधन र समयसीमासहितको दृष्टिकोण सहित छुट्टै पहिचानको रूपमा सुदृढीकरण गर्नु नै सही र दिगो समाधान हो।नागरिकको अपेक्षा पनि यही हो । (सर्मिला श्रेष्ठ अधिवक्ता तथा महिला अभियानी हुन्)

## सम्पादकीय

### अस्तित्वको संकटमा कांग्रेस

नेपालमा लोकतन्त्रका लागि लड्दै आएको सबैभन्दा जेठो दल नेपाली कांग्रेसको अस्तित्व संकटमा परेको छ । चुनावको मुखमा कांग्रेसले गरेको विशेष महाधिवेशन र त्यसपछि उत्पन्न परिस्थिति कांग्रेसका लागि प्रत्युत्पादक बनेको छ । चुनावमा नराम्ररी पराजित भएको कांग्रेसमा कलह झन् बढेको छ। विशेष महाधिवेशनपछि निष्क्रिय जस्तै देखिएको अर्को पक्षले पनि केन्द्रिय कार्य समिति कायमै रहेको दाबी गरेको छ। कांग्रेसका नेता एवं पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ परेपछि कांग्रेसको संस्थापन पक्ष र असन्तुष्ट पक्षले छुट्टाछुट्टै विज्ञप्ति जारी गरी विरोध जनाएको छ। तर संस्थापन पक्षबाट प्रवक्ता र असन्तुष्ट पक्षबाट शेरबहादुर देउवाले कार्यवाहक दिएको उपसभापति पूर्णबहादुर खड्काको हस्ताक्षर रहेको विज्ञप्तिहरुले कांग्रेसको कलहलाई छताछुल्ल पारेको छ । २०७९ सालको चुनावमा देशको सबैभन्दा ठूलो दल रहेको नेपाली कांग्रेस अहिले ५० सिटपनि जित्न सकेको छैन। संस्थापन पक्षका सभापति गगन कुमार थापा र विस्थापित भइसकेका कार्यवाहक सभापति खड्का समूहको गतिबिधिले कांग्रेसको अस्तित्व संकटमा परेको छ । कांग्रेस पार्टीको नेता, कार्यकर्ता र जनताबीचको सम्बन्ध भत्किएको छ। कांग्रेसका नेता र जनताबीचको दुरी अब निकै फराकिलो भइसकेको छ। देशमा अहिले सत्तासिन दल राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) को पक्षमा झण्डै दुई तिहाइ बहुमत रहेको छ। प्रमुख प्रतिपक्षमा रहेको कांग्रेस पार्टीको सिट ५० भन्दा पनि कम छ । त्यसमा पनि आन्तरिक कलहले संघीय संसदमा समेत असर गरेको छ। संस्थापन पक्षको बहुमत नरहेको संघीय संसदमा असन्तुष्ट पक्षको भूमिका फरक हुने देखिन्छ। कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा र उनकी पत्नी आरजु देउवामाथि सरकारले सम्पत्ति शुद्धिकरणको मुद्दा लगाएको छ। त्यसको छानबिन पनि प्रारम्भ भइसकेको छ। पूर्वउर्जा, सिचाइँ मन्त्री दिपक खड्कापनि पक्राउ परेका छन् । सरकारले भ्रष्टाचार र अकुत सम्पत्ति लगायतको मुद्दाको अनुसन्धानलाई अगाडि बढाएको छ । कांग्रेसका अझै कयौं नेताहरुमाथि मुद्दा चल्ने सम्भावना छ । तर कांग्रेसका नेताहरु आन्तरिक कलहमा छन्। हुन त अन्य देशहरुमा पनि पुराना दलहरु नेताकै कारण पाखा लागेको छ। सुशासन, पारदर्शीता र जनमुखी कार्यमा लाग्ने नयाँ दलहरुले जनविश्वास जितेको देखिन्छ। रास्वपाले पाएको बहुमत पनि त्यसको प्रमाण हो। जनता भन्दा टाढा रहन रुचाउने कांग्रेसका नेताहरुमाथि संकट बढेको छ। सरकारले भ्रष्टाचार, अकुत सम्पत्ति लगायतको छानविनलाई प्राथमिकताका साथ अगाडि बढाएको छ। कांग्रेसले आफ्नो अस्तित्व जोगाउन दल भित्रको कलहलाई हटाउन सक्नु पर्छ । कांग्रेसप्रति अहिले जनतामा आक्रोश छ । हुन त एमाले, नेकपा, मधेशी दलहरु पनि जनता माझ छैन । तर कांग्रेसको स्थिति सबै भन्दा खराब छ । पार्टी नेतृत्वको विषय सर्वोच्च अदालतमा छ ।

# अब उधारो आश्वासनमा अलमलिँदैनन् युवाहरू



● विदुरचन्द्र लामिछाने

जेनजी विद्रोह लगत्तै काठमाडौंमा एउटा व्यावसायिक भेला भएको थियो। भदौ २३ र २४ को कहालीलाग्दो घटना लगत्तै जनजीवन सामान्योन्मुख हुँदै गर्दा असोज ६ गते उक्त भेला राखिएको थियो।

भेलामा निजी क्षेत्रका नेताहरू, उद्यमी, व्यवसायीको सहभागिता थियो। भेलामा सञ्चार माध्यम, सरकारी प्रतिनिधि, विकास साझेदार कसैको पनि सहभागिता थिएन। त्यो विशुद्ध व्यावसायिक भेला थियो।समग्र निजी क्षेत्र, दुई दिने त्यो घटनाबाट अत्यन्त त्रसित थियो र अब कसरी अगाडि बढ्ने भन्ने दोधारमा थियो। निजी क्षेत्रका व्यावसायिक प्रतिष्ठान, निजी निवासमाथि पनि आक्रमण भई अर्बौंको क्षति पुर्‍याइएको थियो। उद्यमी-व्यवसायीहरू अत्यन्त त्रासदीपूर्ण स्थितिमा थिए।

हरेक आन्दोलन, राजनीतिक संक्रमणको सबभन्दा पहिलो सिकार निजी क्षेत्र, उद्योग, व्यवसाय बन्दै आएका छन्। खासगरी मुलुक दसवर्षे सशस्त्र द्वन्द्वमा जाँदा होस्, या राजनीतिक दलहरूले आफ्ना राजनीतिक अभिष्ट पूरा गर्न महिनौंसम्म बन्द गर्दाको समयमा होस्, प्रत्यक्ष मारमा निजी क्षेत्र नै पर्‍यो।अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारीमा ८५.६ प्रतिशत योगदान निजी क्षेत्रले दिएको छ। यसले हाम्रो अर्थतन्त्रमा निजी क्षेत्रको संवेदनशीलता अझ प्रस्ट पार्दछ। निजी क्षेत्रमाथि कुनै खालको दबाब पर्न गयो भने अर्थतन्त्र नै धरमर अवस्थामा पुग्ने तर्फ सरकार र राजनीतिक दलहरु सधैं सचेत हुनुपर्छ।भदौको जम्माजम्मी ४८ घन्टाको त्यो घटना नेपालको इतिहासमा कहिल्यै नमेटिने इतिहास बन्न पुग्यो र निजी क्षेत्रका लागि त्यो समय सर्वथा त्रासदीपूर्ण घटना रह्यो।

व्यवसायीका निजी घर, उद्योग, व्यापार, होटल, बैंक, प्रतिष्ठानहरूमा भएको तोडफोड, आगजनी र लुटपाटले व्यवसायीहरूको भौतिक क्षति मात्र पुर्‍याएन, निजी क्षेत्रको मनोबल नै चकनाचुर बनाएको थियो। सहरदेखि गाउँसम्मका व्यवसायीहरूमा भय, त्रास र अनिश्चितताको बादल मडारियो। सुरक्षाको ग्यारेन्टी गुमेको महसुस यो क्षेत्रले गर्‍यो। त्यस त्रासदीपूर्ण पृष्ठभूमिमा राखिएको सो भेलामा उद्यमी व्यवसायीहरूले खुलेर आफ्ना पीडा र गुनासा राखे। त्यहाँ उद्यमी व्यवसायीका नेताहरू पनि थिए। अग्रज उद्यमी व्यवसायी थिए।विभिन्न क्षेत्रगत प्रतिनिधिमूलक संस्थाका अध्यक्षहरू थिए, युवा उद्यमी-व्यवसायी पनि थिए।

सबैको चासो र चिन्ता उद्योग-व्यवसायमाथिको आक्रमण नै थियो। यस्ता घटनाहरू हुँदै गए भने भोलि देश कहाँ पुग्ला भन्ने गहिरो चिन्ता उनीहरूमा थियो। भेला सही समयमा भएको महसुस पनि गरियो। जताततै सन्त्रास फैलिएको बेला के गर्ने, के बोल्ने, कसरी आफ्ना पीडा राख्ने, कसलाई सुनाउने भन्ने उकुसमुकुस र त्रासमा रहेका उद्यमी-व्यवसायीहरूलाई डर र निराशाबाट बाहिर निकाल्दै आफ्ना पीडा राख्ने प्रभावकारी मञ्च बन्न पुगेको थियो त्यो भेला।भेलामा सबै उद्यमी-व्यवसायीहरूले आ-आफ्ना धारणा र आगामी दिनमा उद्योग-व्यवसाय क्षेत्रको सुरक्षाका लागि हुनुपर्ने पहलका विषयमा कुराहरू आए।

सबै सहभागीहरूको साझा सन्देश थियो – निजी क्षेत्रको सुरक्षा बिना लगानी सम्भव छैन। एकता बिना आवाज पुग्दैन। र, नीतिगत स्थिरता बिना समृद्धि सम्भव छैन।अर्बौंको नोक्सानी भएको त्यो आक्रमणका क्रममा व्यवसायी नै राज्य र नागरिकका दुश्मन हुन् भन्ने जस्तो गलत धारणाबाट प्रेरितहरूले लगानीकर्ताको आत्मविश्वास गम्भीर रूपमा हल्लाइदिएको अनुभूति व्यवसायीहरूको थियो।त्यो केबल भौतिक क्षति मात्र नभई नेपालको समग्र लगानी वातावरण र निजी क्षेत्रको मनोबलमाथिको गहिरो आघात पनि थियो। जसबाट राज्यले सुरक्षाको प्रत्याभूति नदिलाएसम्म देशको अर्थतन्त्र पुनः स्थापना हुन नसक्ने निष्कर्षमा उद्यमी व्यवसायी पुगेका थिए।

करिब करिब ५/६ घण्टा चलेको उक्त भेलामा मूलतः उद्यमी व्यवसायीहरूतर्फबाट सरकारलाई पाँच/सात बुँदे सुझाव आएका थिए।निजी सम्पत्ति र व्यवसाय सुरक्षाको ग्यारेन्टी सबभन्दा प्रखर रूपमा उठेको थियो। हालको अस्थिर परिस्थिति, तोडफोड र आगजनीबाट सिक्दै सरकारले निजी सम्पत्ति र व्यवसायको सुरक्षा सुनिश्चित गर्न स्पष्ट कानुनी व्यवस्था र द्रुत कार्यान्वयन सुरक्षा संयन्त्र बनाउन आवश्यक भएको सुझाव सहभागीहरूको थियो।त्यसरी बनाइने सुरक्षा संयन्त्रले निजी क्षेत्रको मनोबल पुनः स्थापित गर्दै उद्यमी-व्यवसायीलाई निर्धक्कसँग आफ्नो काममा फर्किने वातावरण बनाइदिनुपर्ने निष्कर्ष भेलाको थियो।

निजी क्षेत्रले तोडफोड र आगजनीमा संलग्नलाई कानुनी दायरामा ल्याउन बारम्बार आग्रह पनि गर्दै आएको छ। खासगरी देशका प्रमुख राजनीतिक दलहरूबाट लिखित दस्तावेजमार्फत अर्थतन्त्रको संरक्षण गर्ने प्रतिबद्धता खोजिनुपर्ने संयुक्त निष्कर्ष भेलाको थियो।जेनजी आन्दोलनमा भएको क्षतिको मूल्यांकन तथा सार्वजनिक संरचना पुनर्निर्माण योजना तयार गर्न गठित समितिको प्रतिवेदन अनुसार जेनजी आन्दोलनका कारण २ हजार ३ सय ५३ जनाको रोजगारी गुम्यो भने २ हजार ९ सय ९९ जनाको रोजगारी प्रभावित भयो। १३ अर्ब ८४ करोड ५६ लाख रूपैयाँ बराबर वस्तु तथा सेवा उत्पादन प्रभावित भयो भने समग्र भौतिक क्षति ८४ अर्ब ४५ करोड ७७ लाख रूपैयाँ बराबरको भयो।

त्यसमा निजी क्षेत्रको क्षतिको मूल्यांकन ३३ अर्ब ५४ करोड ८७ लाख रूपैयाँ बराबर रहेको प्रतिवेदन समितिको छ। यति ठूलो क्षति किन र कोबाट गराइयो भन्ने कुराको तथ्य बाहिर ल्याइनुपर्नेमा निजी क्षेत्रको जोड रहँदै आएको छ।शान्ति-सुरक्षाको विषय अतिरिक्त भेलाले निजी क्षेत्रको सशक्तीकरण र लगानी प्रोत्साहनका लागि व्यवसायमैत्री नीति तथा कानुनहरूलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न प्रशासनिक जटिलता, अनुमति प्रक्रिया र कर प्रणालीमा सुधार गरी लगानीकर्ताहरूलाई सहज वातावरण उपलब्ध गराउनुपर्नेमा जोड दिइएको थियो।

आयात निर्भर अर्थतन्त्रबाट बाहिर निस्किन, सरकारलाई निर्यातमुखी उद्योग, प्रशोधन केन्द्र र मूल्य शृंखला विकासमा लगानी बढाउन सिफारिस गर्नुपर्ने भेलाको सिफारिस थियो। कृषिमा आधारित उद्योग, जैविक उत्पादन र स्थानीय कच्चा पदार्थमा आधारित निर्यात प्रवर्द्धनलाई दीर्घकालीन नीतिका रुपमा अघि सार्नुपर्ने राय भेलाको थियो।वैदेशिक रोजगारमा निर्भरता घटाउन सरकारलाई उत्पादनमुखी उद्योग, साना तथा घरेलु व्यवसाय र स्टार्ट-अपलाई प्रोत्साहन दिने कार्यक्रम ल्याउन सिफारिस गर्नुपर्ने राय पनि भेलामा आएको थियो। युवालाई सीपमूलक तालिम, उद्यमशीलता प्रोत्साहन र रोजगार सिर्जनामा जोड दिनुपर्ने मतैक्यता थियो।

यसले हरेक महिना २५ सयको हाराहारीमा कामका लागि विदेशिने हालको तथ्यांकलाई केही साँघुरो बनाउन सकिन्छ भन्ने राय थियो।भेलामा आएका सबै सुझाव महत्वपूर्ण थिए। भेलामा केही युवा उद्यमीहरूबाट राखिएका धारणा भने अलि बढी गम्भीर र मननीय थिए। युवा उद्यमीहरूले लगानी सुरक्षाका अतिरिक्त सरकारसँगको प्रत्यक्ष सम्पर्क/संवाद, स्पष्ट नीति र सुरक्षाको प्रत्याभूति, युवा उद्यमीहरूको नीति निर्माणमा प्रत्यक्ष सहभागिताको सुनिश्चितता, सूचना-प्रविधिमा आएको पछिल्लो क्रान्तिको स्वीकारोक्ति सहित नीति निर्माणमा तदारुकता जस्ता विषयहरू निकै गहन थिए।

राष्ट्रिय आर्थिक गणना २०७५ अनुसार नेपालमा ४० वर्षमुनिका करिब ३४ प्रतिशत युवा उद्यम-व्यवसायमा संलग्न छन्। युवाले लगानी गर्दा लगानीको सुरक्षालाई चासोपूर्ण रूपमा हेरेका हुन्छन्। अहिलेकै अवस्थामा त लगानीको प्रतिफल सुरक्षित छ कि छैन भन्ने चिन्ता युवा उद्यमीहरूमा छ। उनीहरू यसमा सबभन्दा बढी संवेदनशील भएको पाइयो। अर्को, सरकारसँग युवाहरूको संवादमा कहीं न कहीं समस्या छ भन्ने देखिन्थ्यो। अर्थात् तीनै तहका सरकारसँग युवा उद्यमी-व्यवसायीको सम्बन्ध अत्यन्त कमजोर छ। यसले सरकार र व्यवसायीबीचको संवाद दरारलाई स्पष्ट पार्छ।

तीनै तहका सरकारले उद्यमी-व्यवसायी, त्यसमा पनि युवा उद्यमीलाई प्रत्यक्ष संवादको भरपुर वातावरण सिर्जना गरिदिन आवश्यक छ। त्यसो हुन सक्यो भने मात्र राज्यप्रति उनीहरूको विश्वास बढेर जानेछ र उनीहरू स्वदेशमै रहेर लगानी गर्न, काम गर्न अभिप्रेरित हुनेछन्।

युवा उद्यमीहरू सरकारको उधारो आश्वासनमाथि अब विश्वास गर्ने अवस्थामा देखिँदैनन्। उनीहरूले सरकारबाट ठोस जबाफ खोजिरहेका छन्। सरकारले यदि उनीहरूलाई चित्तइदो विश्वासिलो वातावरण बनाइदिन सक्यो भने अहिले 'पर्ख र हेर' को अवस्थामा रहेका युवा उद्यमीहरू स्वदेशमै रहन सक्छन्। यही व्यवसाय उद्यम गर्नेछन्। सम्पत्ति सिर्जना गर्नेछन् र सरकारलाई राजस्व र रोजगारीमा भरपुर सहयोग गर्नेछन्।

अहिले पनि आफ्ना आवाज दबिएको महसुस यो वर्गले गरेको छ। युवाहरूको प्रतिनिधित्वबिना कसरी नीति निर्माणमा युवाहरूले चाहेका कुरा पुग्छन् भन्ने चासो र चिन्ता उनीहरूमा छ। यदि युवालाई उचित स्थान दिइएन र उनीहरूका कुरा नीति निर्माण तहसम्म पुग्ने सहज संरचना बनाउन सकिएन भने युवा पुस्ता निराश भएर देश छोड्ने दिन नआउला भन्न सकिँदैन।

अहिले उद्यम-व्यवसाय गरिरहेका युवा उद्यमी पुस्ता राम्रो वातावरण बन्यो भने बसौंला, नभए देश छोडौंला भन्ने मनस्थितिमा देखिन्छन्। भेलामा उनीहरूको भावना पनि त्यही प्रकट हुन्थ्यो। अहिलेको विश्व बजार एआईसम्म पुगिसकेको छ, तर हामी भने अझै आइटी क्षेत्रको विकास गर्नुपर्छ भनेर मात्र कुरा गरिरहेका छौं। पछिल्लो समय विश्वले अंगीकार गरेको सूचना प्रविधिको उच्चतम मोडल अवलम्बन गर्ने नीति युवाले खोजेका छन्।

हामीले नीति निर्माणमा युवालाई समेट्नै सकेनौं जस कारण उनीहरूको विचार, चाहना बुझ्नबाट राज्य चुक्यो। युवालाई देखाउन मात्र होइन, साँच्चिकै उनीहरूका विचार सुन्न अवसर दिनुपर्छ। उनीहरूले ४०-५० वर्षको भविष्यका लागि सोचिरहेका छन्। उनीहरूको आवाज सुन्न सकियो भने मात्र उनीहरू नेपालमै बसेर सीप विकास गर्न सक्छन्। अहिलेका युवाहरूको साझा आवाज नै यही हो। जुन कुरा उक्त छलफलमा पनि प्रखर रूपमा आएको थियो।

अब केही दिनमै लगभग दुई-तिहाइको सरकार बन्दैछ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई जनताले फागुन २१ को निर्वाचनबाट दुई-तिहाइ नजिकको जनादेश दिएका छन्। संसदमा जाने सांसदहरूमध्ये अधिकांश नयाँ अनुहार र युवाको बाहुल्यता छ।रास्वपाले निर्वाचन अगाडि जनतामाझ गरेको वाचामा पनि अर्थतन्त्र र विकास निर्माणका सम्बन्धमा निकै धेरै आशालाग्दा कार्यक्रम तथा नीतिहरू ल्याउने संकेत गरेको छ। उद्यमी-व्यवसायीको भेलाले उठाएका धेरै सरोकारहरू रास्वपाको वाचापत्रमा पनि समेटिएको पाइन्छ । युवा र डिजिटल आर्थिक रूपान्तरणका सशक्त पक्ष हुन् भन्ने कुरालाई वाचापत्रले पनि स्वीकार गरेको सजिलै बुझ्न सकिन्छ।

वाचापत्रमा निजी क्षेत्रले सबभन्दा बढी चासोपूर्वक हेरेको सुरक्षाको विषयलाई भने प्रत्यक्ष सम्बोधन गरिएको भेटिँदैन। निजी सम्पत्ति, लगानी तथा औद्योगिक सुरक्षाका विषयमा सम्बोधन गरेको खासै पाइँदैन। सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रण गर्ने विषयमा भने सीमा नाकाहरूमा नाइट भिजन क्यामरा, ड्रोन निगरानी र डिजिटल इन्ट्री-एक्जिट प्रणाली लागू गरी तस्करी, अवैध ओसारपसार शून्यमा झार्ने प्रतिबद्धता जनाएको छ। भारतबाट हुने अवैध चोरी-पैठारीले आक्रान्त बनेका हाम्रा उद्योग व्यवसायलाई यसले ठूलो राहत दिने विश्वास भने गर्न सकिन्छ।

निजी क्षेत्रको सुरक्षा चासोलाई सत्ताको बागडोर सम्हालेपछि प्राथमिकताका साथ सम्बोधन गर्ने अपेक्षा निजी क्षेत्रको छ। जेनजी आन्दोलन क्रममा व्यक्तिको निजी सम्पत्ति, उद्योग, प्रतिष्ठानहरूमा भएको तोडफोड र आगजनीमा संलग्नहरूलाई छानबिन गरी कानुनी कारबाही र सुरक्षाको प्रत्याभूति दिलाउन नयाँ सरकारले देखिने गरी काम गरोस् भन्ने अपेक्षा निजी क्षेत्रको छ।

अब युवाले नेतृत्व गरेको सरकार आउँदैछ। निश्चय नै नयाँ सरकारले जेनजी आन्दोलनमा युवाले उठाएका आवाज सम्बोधन गर्ने र युवालाई नीति निर्माणमा प्रत्यक्ष सहभागी गराउने कुरामा बलियो विश्वास गर्न सकिन्छ। निर्वाचन जितेर संसद छिर्ने अधिकांश युवा अनुहार छन्, राज्यको नीति निर्माण तहमा उनीहरूको अर्थपूर्ण सहभागिता रहनेमा दुबिधा देखिँदैन। यसले युवा उद्यमी-व्यवसायीले खोजेको नीति निर्माणमा युवाको सहभागिता सम्बोधन गर्ने बलियो विश्वास गर्न सकिन्छ।निजी क्षेत्रले उठान गरेको व्यवसायमैत्री नीति तथा कानुन निर्माण, तिनको प्रभावकारी कार्यान्वयन, सहयोगी प्रशासन, कर प्रणालीमा सुधार लगायतमा रास्वपाले वाचापत्रमा स्पष्ट उल्लेख गरेको देखिन्छ।

आयात निर्भर अर्थतन्त्रबाट बाहिर निस्किन निर्यातमुखी उद्योगहरूको विस्तार, प्रशोधन केन्द्र स्थापना र मूल्य शृंखला विकास, स्थानीय कच्चा पदार्थमा आधारित निर्यात प्रवर्द्धन, वैदेशिक रोजगारमा निर्भरता घटाउन उत्पादनमुखी उद्योग, साना तथा घरेलु व्यवसाय र स्टार्ट-अपलाई प्रोत्साहन दिने कुरालाई पनि रास्वपाले वाचा गरेको छ ।

# ओलीको बन्दीप्रत्यक्षीकरण रिटमा कारण देखाउ आदेश




काठमाण्डु । सर्वोच्च अदालतले नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई थुनामुक्त गर्न माग गर्दै दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा कारण देखाउ आदेश जारी गरेको छ।

न्यायाधीश मेघराज पोखरेलको इजलासले सोमबार सो रिट निवेदनमा आधार कारणसहित यो आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक तीन दिन भित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्न भनिएको छ । आदेशमा भनिएको छ, “यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको जादेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनुनपर्ने भए सोको आधार कारणसहित यो आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक तीन दिन भित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरुको नाउँमा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाइ म्यादभित्र लिखितजवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू ।”

अदालतले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(६) को प्रतिकूल जरुरी पक्राउपुर्जी जारी भएको भन्ने निवेदकका तर्फबाट बहस पैरवी गर्न उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू तथा अधिवक्ताहरूले तर्कपूर्ण बहस गर्नुभएको हुँदा निवेदकलाई जरूरी पक्राउ पुर्जी जारी गर्नुपर्ने उल्लिखित दफाको पूर्वावस्था रहे नरहेको के हो प्रत्यर्थीहरूबाट जवाफ आउने गरी लिखितजवाफ पेस गर्न लगाउनु भनेको छ।

साथै, सुनुवाइको दिन कार्की आयोगको छानबिन प्रतिवेदनसमेतको अनुसन्धानको मिसिल इजलाससमक्ष देखाइ फिर्ता लानेगरी मगाउन भनिएको छ।

अध्यक्ष ओलीको पत्नी राधिका शाक्यले आइतबार गैरकानुनी थुनामा राखिएकाले थुनामुक्त गर्न माग गर्दै बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गर्नुभएको थियो ।सो रिट निवेदनमा भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदनको सिफारिसका आधारमा पक्राउ गर्नु र थुनामा राख्नु गैरकानुनी भएको उल्लेख गरिएको थियो ।रासस

# गृहमन्त्री गुरुङद्वारा प्रहरी प्रधान कार्यालयको निरीक्षण




काठमाण्डु । गृहमन्त्री सुधन गुरुङले प्रहरी प्रधान कार्यालयको निरीक्षण गर्नुभएको छ।

गृहमन्त्री गुरुङले सोमबार प्रहरी प्रधान कार्यालयको निरीक्षण गरी प्रहरी कर्मचारीलाई निर्देशन दिनुभएको हो । उहाँलाई प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलगायत उच्च पदस्थ प्रहरी कर्मचारीले स्वागत गर्नुभयो। निरीक्षण पश्चात आयोजित कार्यक्रममा गृहमन्त्री गुरूङले सीमित स्रोतसाधनका बाबजुद पनि नेपाल प्रहरीले प्राप्त गरेको जिम्मेवारीलाई उत्कृष्ट रूपमा निर्वाह गरेकामा धन्यवाद दिनुभयो। उहाँले आगामी दिनमा निर्धक्क भएर आफ्नो जिम्मेवारी बहन गर्न निर्देशन दिनुभयो । प्रहरीले आफ्नो भूमिका निर्वाह गर्ने क्रममा कुनै पनि तहबाट हस्तक्षेप नहुने गृहमन्त्री गुरूङको भनाइ थियो।

गृहमन्त्री गुरूङले समाजले प्रहरीलाई हेर्ने दृष्टिकोणलाई परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । नागरिक र प्रहरीबीचको दूरी घटाउँदै शिष्ट बोली, बचन एवं व्यवहारका साथ नागरिकको समस्यालाई सम्बोधन गरी उत्कृष्ट सेवा प्रवाह गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। आमनागरिकसँगको सम्बन्धलाई थप सुमधुर बनाउँदै प्रहरीले उपलब्ध साधनस्रोतहरू नागरिकको सेवाका लागि उच्चतम प्रयोग गर्न उहाँले जोड दिनुभयो। विपद् व्यवस्थापनमा नेपाल प्रहरीले अग्रपङ्क्तिमा रहेर भूमिका निर्वाह गर्नुपर्ने हुँदा प्रहरीलाई थप साधनस्रोतयुक्त बनाउनुका साथै समयानुकूल आवश्यक तालिमहरूको व्यवस्था गरिने गृहमन्त्री गुरूङले उल्लेख गर्नुभयो।

> गृहमन्त्री गुरूङले समाजले प्रहरीलाई हेर्ने दृष्टिकोणलाई परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

प्रहरी कर्मचारीहरूको वृत्ति विकास कार्यसम्पादन एवं वैज्ञानिक प्रणालीको आधारमा हुने उल्लेख गर्दै गृहमन्त्री गुरूङले साङ्गठनिक सुदृढीकरणलाई विशेष प्राथमिकतामा राख्दै समयानुकूल प्रविधिमैत्री एवं साधनस्रोत सम्पन्न बनाउन प्रतिबद्ध रहेको बताउनुभयो।

कार्यक्रममा गृहसचिव राजकुमार श्रेष्ठले नेपाल प्रहरीले विभिन्न कठिनाइका बाबजुद प्रतिनिधिसभा सदस्य निर्वाचनलाई ऐतिहासिक रूपमा शान्तिपूर्ण रुपले सम्पन्न गराउन प्रत्येक प्रहरी कर्मचारीले निर्वाह गरेको व्यावसायिक भूमिकाको उच्च सम्मान गर्नुभयो। निर्वाचनको समयमा नेपाल प्रहरीले प्रदर्शन गरेको सक्षमताले नेपाल प्रहरी जस्तोसुकै परिवेशमा कार्यसम्पदान गर्न सक्षम रहेको पुष्टि गरेको गृहसचिव श्रेष्ठले बताउनुभयो । विगतभन्दा फरक शैलीमा कार्यसम्पादन गर्नुपर्नेमा जोड दिँदै उहाँले सबै प्रहरी कर्मचारीहरूले उच्च मनोबलका साथ छिटोछरितो र प्रभावकारी सेवा प्रवाह गर्न निर्देशन दिनुभयो।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले नेपाल प्रहरीले मुलुकको संविधान र ऐन कानुनले निर्दिष्ट गरेको अधिकार तथा मानवअधिकारका राष्ट्रिय र अन्तरराष्ट्रिय मापदण्डको परिधिभित्र रहँदै सत्य, सेवा, सुरक्षणमको मर्मलाई निष्ठापूर्वक पालना गर्दै आएको बताउनुभयो । प्रहरीको दक्षताबाट राज्यको प्रभावकारिता पुष्टि हुने र नागरिकका अपेक्षा वास्तविक रूपमा सम्बोधन हुने उहाँको भनाइ थियो। महानिरीक्षक कार्कीले प्रहरी सङ्गठन र सङ्गठनमा आबद्ध जनशक्तिको क्षमता, दक्षता, मनोबल अभिवृद्धिमा प्रहरी सङ्गठन नेतृत्व लाग्दै आएको बताउनुभयो । सो अवसरमा प्रहरीले हालसम्म गरेको कार्यसम्पादनबारे गृहमन्त्री गुरुङलाई जानकारी गराइएको थियो । प्रहरी प्रधान कार्यालयमा रहेका डाटा सेन्टरलगायतको गृहमन्त्री गुरुङले अवलोकन समेत गर्नुभएको थियो ।रासस

# अर्थमन्त्री डा वाग्लेद्वारा भन्सार विभागको अनुगमन



काठमाण्डु। अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सोमबार भन्सार विभागको अनुगमन तथा त्यहाँका कार्यबारे जानकारी लिनुभएको छ। विभागको समग्र कार्यप्रणाली, राजस्व सङ्कलनको अवस्था तथा आगामी लक्ष्यबारे जानकारी लिँदै उहाँले कर्मचारीलाई इमानदारीपूर्वक राजस्व लक्ष्य प्राप्तिमा लाग्न निर्देशन दिनुभएको हो ।मन्त्री डा वाग्लेले राजस्व सङ्कलनमा पारदर्शिता र उत्तरदायित्व कायम गर्न विशेष ध्यान दिनुपर्ने बताउँदै इमानदारीपूर्वक काम गर्ने कर्मचारीलाई मन्त्रालयले प्रोत्साहनका कार्यक्रम ल्याउने उल्लेख गर्नुभयो। “राजस्व सङ्कलनमा इमानदारी र प्रतिबद्धता देखिए मन्त्रालयले आवश्यक प्रोत्साहनको व्यवस्था गर्नसक्छ”, उहाँले भन्नुभयो।

मन्त्री डा वाग्लेले राजस्व सङ्कलन वृद्धि गरी सरकारको बृहत् समृद्धिको लक्ष्य हासिल गर्नुपर्नेमा जोड दिनुभयो। यस सन्दर्भमा प्रधानमन्त्री वालेन्द्र शाहको समेत विशेष चासो रहेको उल्लेख गर्दै उहाँले मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट समेत नियमित अनुगमन भइरहेको जानकारी दिनुभयो। त्यस अवसरमा मन्त्री वाग्लेले विभागअन्तर्गत रहेको भन्सार प्रयोगशालाको पनि निरीक्षण गर्नुभएको उहाँको सचिवालयले जनाएको छ। निरीक्षणका क्रममा प्रयोगशालाको क्षमता अभिवृद्धि र सेवा प्रभावकारिता बढाउने विषयमा आवश्यक निर्देशन दिनुभएको सचिवालयले जनाएको छ ।रासस

# अध्यक्ष राईद्वारा साइबर ब्युरोमा उजुरी



काठमाण्डु । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले सामाजिक सञ्जालमा आफलाई ज्यान मार्ने धम्की दिएको भन्दै नेपाल प्रहरीको साइबर ब्युरोमा एक व्यक्तिविरुद्ध उजुरी दिनुभएको छ ।अध्यक्ष साम्पाङले सुनिता खड्का नामको टिकटक आइडिबाट आफ्नो घरसमेत जलाउने धम्की आएकाले उजुरी दिएको जानकारी दिनुभयो।

“मलगायत मेरो घर परिवारलाई समेत ज्यान मार्ने धम्की दिएको साथै घर जलाउने धम्की दिइ आमसञ्चार माध्यममा टिकटक, फेसबुक जस्ता सामाजिक सञ्जालमा अपशब्द प्रयोगका साथै गालीगलौज गरी समाजमा भ्रम फैलाएको हुँदा प्रचलित नेपाल सरकारको कानून बमोजिम हदैसम्मको कारवाही गरी पाऊँ”, अध्यक्ष साम्पाङले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको उजुरीमा उल्लेख छ ।साम्पाङ गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सुनसरी क्षेत्र नं १ बाट निर्वाचित हुनुभएको थियो ।रासस

# निजी क्षेत्रलाई सहज वातावरण दिने अर्थमन्त्रीको प्रतिबद्धता



काठमाण्डु । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले निजी क्षेत्रका लागि प्रशासनिक झन्झट, घुसखोरी र अनावश्यक कानुनी झमेलाको अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। उहाँले अब निजी क्षेत्रले घुस खुवाउन नपर्ने, सरकारी निकायमा लाइन लाग्न नपर्ने र सामान्य आर्थिक गतिविधिका कारण थुनिनु नपर्ने स्पष्ट पार्नुभएको हो।

सोमबार नेपाल उद्योग वाणिज्य महासङ्घका प्रतिनिधिहरूसँगको भेटघाटमा अर्थमन्त्री वाग्लेले निजी क्षेत्रलाई सरकारको सहयात्रीका रूपमा अघि बढाउने नीति लिइएको बताउनुभयो। “अब निजी क्षेत्रले दुःख पाउने अवस्था अन्त्य हुन्छ, हामी तपाईंहरूको सहयात्री हौँ,” उहाँले भन्नुभयो। उहाँले लगानी विस्तार र रोजगारी सिर्जनामा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गर्दै लगानी बढाएर रोजगारी सिर्जनामा केन्द्रीत हुनुपर्ने बताउनुभयो।

अर्थमन्त्री वाग्लेले आफू भ्रष्टाचार नियन्त्रणमा दृढ रहेको जनाउँदै भन्नुभयो, “म घुस खान आएको होइन, कसैलाई खान पनि दिन्न।” अर्थतन्त्रलाई नयाँ गति दिन आफू प्रतिबद्ध रहेको बताउँदै उहाँले आर्थिक अपराधसम्बन्धी नीति परिवर्तन गर्दै अब सामान्य प्रकृतिका आर्थिक अनियमिततामा कैद सजायभन्दा आर्थिक जरिवानामा केन्द्रित हुने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “आर्थिक बेइमानीमा अब हामी आर्थिक जरिवानामा जान्छौँ, उद्योगी-व्यापारी थुनिनु पर्दैन।”

तर, राज्यले सहजीकरण गर्दा निजी क्षेत्रबाट पनि इमानदारीको अपेक्षा गरिएको उहाँले स्पष्ट पार्नुभयो। “राज्य साथी र सहयात्री बन्दा निजी क्षेत्रले पनि बेइमानी नगर्ने अपेक्षा छ,” उहाँले भन्नुभयो, “यदि नियोजित रूपमा बेइमानी गरिन्छ भने त्यसमा हामी निर्मम हुनेछौँ।”रासस


## मालपोत कार्यालय, ढल्केवर, धनुषा

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

महुव शेषको नाति फरमुद शेषको छोरा जिल्ला धनुषा मिथिला नगरपालिका वडा नं. ३ बस्ने अलिक शेषले तपसिलमा उल्लेखित जग्गा मेरो नाताको बाबु फरमुद शेषको नाममा छुट जग्गा दर्ता/छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनि द.नं.१८९० मिति ०८२।०९।२३ को निबेदनबाट माग दाबी गरेकोले माग बमोजिम निवेदकको नाममा छुटजग्गा/छुट जग्गा नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए सरकारी सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्ना सबुत प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला । अन्यथा कानुन बमोजिम भइजाने व्यहोरा जानकारी गराइन्छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| धनुषा | हरिहरपुर | ३। क | १०४ | ०-१-९-० |



## RE-INVITATION FOR ELECTRONIC BIDS

**Tourism Development Office, Dhanusha**

**Janakpurdham,Madesh Pradesh**

**2nd time Publication**

**Re-Bid Publication Date: 2082/12/17 (31st March 2026)**

| S. N. | Project Title (Works/Goods) | IFB No./Bid No. | Cost of Bid Documents Fee (Non Refundable) | Bid Security Amount | Estimated Amount including PS & VAT | Last date of Bid Submission | Last date Of Bid Opening | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Mahottari Manarasisawa Na.Pa. 1 Ma Adhuro Dineshwarnath Mahadeb Mandir Tatha Parwati Mandirko Staronnati. | 02/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.2,00,000 | Rs.79,99,936.85 | 2083/01/04 12:00 Noon | 2083/01/04 13:00 PM | Re-Bid |
| 2 | Dhanusha Jilla Up.Ma.Na.Pa.16 Shree Kapleshwarnath Mahadew Math Nirman Karya | 05/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.70,000 | Rs.27,99,907.596 | 2083/01/04 12:00 Noon | 2083/01/04 13:00 PM | Re-Bid |
| 3 | Mahottriko Parol Sthanma Badhahala Nirman Karya | 09/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.80,000 | Rs.31,99,574.73 | 2083/01/04 12:00 Noon | 2083/01/04 13:00 PM | Re-Bid |
| 4 | Manarasiswa Na.pa.4 Jaukha Bajar chawakma durga mandir nirman | 14/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.70,000 | Rs.27,99,733.98 | 2083/01/04 12:00 Noon | 2083/01/04 13:00 PM | Re-Bid |
| 5 | Raamgopalpur Na.Pa. 9 (Bichala Pokhari )Ma Adhuro Shiv Mandir Nirman Tatha Starounnati Karya | 16/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.80,000 | Rs.31,99,412.80 | 2083/01/04 12:00 Noon | 2083/01/04 13:00 PM | Re-Bid |
| 6 | Raamgopalpur Na.Pa. 9 Kataiyaa tolma Ramjanaki Kutti Staronnti Karya | 19/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.70,000 | Rs.27,99,789.31 | 2083/01/04 12:00 Noon | 2083/01/04 13:00 PM | Re-Bid |

## INVITATION FOR ELECTRONIC BIDS

**Bid Publication Date: 2082/12/17 (31st March 2026)**

| S. N. | Project Title (Works/Goods) | IFB No./Bid No. | Cost of Bid Documents Fee (Non Refundable) | Bid Security Amount | Estimated Amount including PS & VAT | Last date of Bid Submission | Last date Of Bid Opening | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Sahidnagar na.pa.3 Gothuwa Tolma Ram Janaki Kuti Compound Wall Nirman Garne | 20/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.70,000 | Rs.27,99,657.98 | 2083/01/17 12:00 Noon | 2083/01/17 13:00 PM | |
| 2 | Laxminiya Ga.pa.Ward N. 7 Adhuro Bhagabati Mandir Nirman | 21/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.90,000 | Rs.3596718.02 | 2083/01/17 12:00 Noon | 2083/01/17 13:00 PM | |
| 3 | Dhanusha Jillako Mithilabihari na.pa.ward no.2 Parshuram Talauko Saundaryakaran | 22/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.80,000 | Rs.3199924.28 | 2083/01/17 12:00 Noon | 2083/01/17 13:00 PM | |

1. **Bid Document Fee**
   **Account Name:** Tourism Development Office,Dhanusha **Acccount No:** 1000100200010000
   **Bank Name:** Rastriya Banijya Bank Ltd. **Office Code:** 3070017052
   **Rajaswa(Revenue) Shirshak No:** 14229
2. **Bid Security Fee**
   **Account Name:** Province Financial Controller Office, Janakpurdham
   **Bank Name:** Rastriya Banijya Bank Ltd. Janakpurdham **Acccount No:** 1220100202030000

**Note:** 1. Bids Shall Be Opened At Tourism Development Office,Dhanusha
2. A complete set of Bidding document can Be Downloaded from website : www.bolpatra.gov.np/egp
3. For Further Information Please Conatact at No: 9854046519 , Email:- tdodhanuhsa@gmail.com

**Office Chief**

# जुन्ताबाट नागरिक सत्तातर्फ मिन आङ ह्लाइङको रूपान्तरण

एएफपी

नेपिडो ।मिन आङ ह्लाइङलाई उपराष्ट्रपति पदका लागि मनोनयन गरिएको र सैन्य कमान्डरको जिम्मेवारीबाट प्रतिस्थापन गरिएको घटनाले उहाँलाई नागरिक राष्ट्रपतिको रूपमा सत्तामा निरन्तरता दिने स्पष्ट मार्ग खोलिएको छ। पाँच वर्षदेखि कठोर सैन्य शासन सञ्चालन गर्दै आउनुभएका उहाँले अब औपचारिक रूपमा नागरिक संरचनाभित्रैबाट शासन अघि बढाउने तयारी गर्नुभएको देखिन्छ ।सन् २०२१ मा आङ सान सुकी नेतृत्वको निर्वाचित सरकारलाई अपदस्थ गर्दै सत्ता सम्हाल्नुभएका मिन आङ ह्लाइङले त्यसयता देशमा कडा नियन्त्रण कायम गर्नुभएको थियो। सो कदमपछि सुकीलाई हिरासतमा राखियो, उहाँको दल विघटन गरियो र देश गृहयुद्धतर्फ धकेलियो।

हालै सम्पन्न अत्यन्त नियन्त्रणयुक्त निर्वाचनमार्फत सैन्य समर्थक शक्तिहरूलाई सहज जित दिलाइएको थियो। उक्त चुनावमा विरोध वा आलोचनालाई अपराध मानिएको थियो, जसका कारण प्रजातन्त्र पक्षधरहरूले यसलाई निष्पक्ष प्रक्रिया नभएको भन्दै आलोचना गर्दै आएका छन् ।राज्य सञ्चालित मिडियाअनुसार सांसद क्याव क्याव हतेले संसद्मा मिन आङ ह्लाइङलाई उपराष्ट्रपति पदका लागि प्रस्ताव गर्नुभएको थियो। तीन उपराष्ट्रपतिमध्ये एकलाई संसद्ले राष्ट्रपतिमा चयन गर्ने व्यवस्था छ, जसले उहाँको राष्ट्रपतिको यात्रालाई थप सुनिश्चित बनाएको छ।

यसैबीच, सेनाको नेतृत्वमा पनि परिवर्तन गरिएको छ। पूर्व जासुस ये विन ऊलाई नयाँ कमान्डर-इन-चिफको रूपमा नियुक्त गरिएको विभिन्न मिडियाले जनाएका छन्। नेपिडोमा आयोजित कार्यक्रममा उहाँलाई औपचारिक रूपमा जिम्मेवारी दिइएको थियो ।म्यान्माको सेनाले सधैँ आफूलाई राष्ट्रको एकता जोगाउने प्रमुख शक्तिका रूपमा प्रस्तुत गर्दै आएको छ। यद्यपि, सन् २०११ देखि सुरु भएको सीमित लोकतान्त्रिक अभ्यासले केही समयका लागि नागरिक नेतृत्वलाई स्थान दिएको थियो, जसले सुधारका प्रयासहरू अघि बढाएको थियो।



तर सन् २०२० को निर्वाचनमा सुकी नेतृत्वको दलले सैन्य समर्थित युनियन सोलिडेरिटी एन्ड डेभलपमेन्ट पार्टीलाई पराजित गरेपछि सेनाले आफ्नो प्रभाव घट्ने चिन्तामा सत्ता पुनः आफ्नो नियन्त्रणमा लिएको विश्लेषकहरू बताउँछन् ।अहिले सोही सैन्य समर्थित दलले संसद्मा करिब ८० प्रतिशत सिट जितेको छ, जसका कारण नयाँ सरकार सेनासँग नजिक रहेर काम गर्ने अनुमान गरिएको छ। यद्यपि, नागरिक भूमिकामा प्रवेश गर्दै गर्दा मिन आङ ह्लाइङले सैन्य नेतृत्व नयाँ कमान्डरलाई सुम्पिँदै सत्ता सन्तुलन कायम राख्ने चुनौतीपूर्ण चरण पार गर्नुपर्ने देखिन्छ।

# तेहरानमा आक्रमण, सम्झौता अझै अनिश्चित

एएफपी

तेहरान। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग 'चाँडै' सम्झौता हुन सक्ने सङ्केत दिनुभएकै भोलिपल्ट इजरायलले तेहरानभरि सैन्य लक्ष्यमा आक्रमण तीव्र पारेको जनाएको छ। यो आक्रमणले कूटनीतिक सम्भावनाभन्दा युद्ध अझै गहिरिँदै गएको स्पष्ट सङ्केत दिएको छ। स्थलगत कारबाहीसमेत अस्वीकार नगरिएको अवस्थामा द्वन्द्वले नयाँ मोड लिने चिन्ता बढेको छ ।सप्ताहन्तमा इरानका ऊर्जा पूर्वाधारमा आक्रमण भएपछि तेहरान र आसपास क्षेत्रमा बिजुली अवरुद्ध भएको थियो। त्यसको जवाफमा इरानले इजरायलसँगै कुवेत र साउदी अरबतर्फ नयाँ आक्रमणहरू सुरु गरेको जनाएको छ, जसले द्वन्द्वलाई क्षेत्रीय स्तरमा विस्तार गराएको छ।

लगातारको युद्धले विश्व अर्थतन्त्रमा गम्भीर असर पारेको छ। एसियाका विभिन्न क्षेत्रमा इन्धन अभाव देखिएको छ भने सेयर बजार अस्थिर बनेका छन्। तेलको मूल्य तीव्र रूपमा बढ्दै अमेरिकी बेन्चमार्क प्रति ब्यारेल १०० डलर नजिक पुगेको छ भने ब्रेन्ट ११७ डलर आसपास पुगेको छ ।इजरायलले दक्षिणी लेबनानमा इरान समर्थित हिजबुल्लाहविरुद्ध आक्रमण जारी राखिरहेको छ। यसैक्रममा इन्डोनेसियाले संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसनमा संलग्न आफ्ना एक सैनिक क्षेप्यास्त्र प्रहारमा मारिएको पुष्टि गरेको छ। युनिफिलले भने प्रक्षेप्यको स्रोतबारे अनुसन्धान सुरु गरेको जनाएको छ।



एक महिनादेखि जारी अमेरिका-इजरायल र इरानबीचको युद्धमा धेरै इरानी नेताहरू मारिएको उल्लेख गर्दै ट्रम्पले ' शासन परिवर्तन' भइसकेको दाबी गर्नुभएको छ।

उहाँले एयर फोर्स वनमा पत्रकारहरूसँग कुरा गर्दै अब इरानमा 'पूर्ण रूपमा फरक समूह' सँग व्यवहार भइरहेको बताउनुभयो ।आगामी हप्तामै सम्झौता सम्भव छ कि भन्ने प्रश्नमा उहाँले 'इरानसँग सम्झौता देखिरहेको' र त्यो 'छिट्टै हुन सक्ने' धारणा राख्नुभयो। तर यसअघि एक अन्तर्वार्तामा उहाँले इरानको तेल स्रोत नियन्त्रण गर्ने इच्छा व्यक्त गर्नुभएको थियो, जसले कूटनीतिक अभिप्रायप्रति थप शङ्का उत्पन्न गरेको छ।

भूमिगत स्तरमा भने आक्रमण-प्रत्याक्रमण रोकिएको छैन। इजरायलले सोमबार इरानबाट प्रक्षेपण गरिएका मिसाइलहरूको जवाफ दिएको जनाएको छ भने तेहरानका विभिन्न सैन्य संरचनामा प्रहार जारी राखिएको उल्लेख गरेको छ ।कूटनीतिक प्रयासहरू पनि समानान्तर रूपमा अघि बढिरहेका छन्। पाकिस्तानले मध्यस्थकर्ताको भूमिका निर्वाह गर्दै साउदी अरब, टर्की र इजिप्टका विदेशमन्त्रीहरूलाई इस्लामाबादमा वार्ताका लागि आमन्त्रण गरेको छ। पाकिस्तानका विदेशमन्त्रीले युद्ध अन्त्यका उपायहरूबारे छलफल भइरहेको जानकारी दिनुभएको छ।

उहाँका अनुसार इरान र अमेरिका दुवैले वार्तालाई सहज बनाउन पाकिस्तानप्रति विश्वास व्यक्त गरेका छन्। यस सन्दर्भमा चिनियाँ विदेशमन्त्री वाङ यी, संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलगायतसँग पनि समन्वय गरिएको बताइएको छ ।तर इरानभित्र भने अमेरिकामाथि अविश्वास बढ्दो छ। संसद्का सभामुख मोहम्मद बाघेर गालिबफले वासिङ्टनले वार्तालाई 'धुवाँ पर्दा' बनाउँदै गोप्य रूपमा जमीनी आक्रमणको तयारी गरिरहेको आरोप लगाउनुभएको छ। उहाँले इरानी जनताले अमेरिकी फौजको प्रत्यक्ष सामना गर्न तयार रहेको समेत बताउनुभयो।

युद्ध अन्त्यका लागि विभिन्न प्रस्तावहरू अघि सारिए पनि अमेरिकाले क्षेत्रमा थप सैन्य उपस्थिति बढाइरहेको छ। युएसएस त्रिपोली मध्यपूर्व आइपुगेको छ, जसमा हजारौं मरीन र नाविकहरू तैनाथ छन्। पेन्टागनले सम्भावित स्थलगत कारबाहीका योजना तयार गरिरहेको बताइएको छ, यद्यपि त्यसको औपचारिक स्वीकृति अझै दिइएको छैन ।यसबीच, युद्धको सबैभन्दा ठूलो असर सर्वसाधारणमा परेको छ। तेहरानका एक कलाकारले निरन्तर राति हुने आक्रमणका कारण 'शान्तिपूर्ण निद्रा हराएको' गुनासो गरेका छन्, जहाँ विस्फोटका धक्काले सहर नै काँपिरहेको अनुभव हुने गरेको छ।

द्वन्द्व थप चर्किँदै जाँदा इरानले होर्मुज जलडमरूमध्य बन्द गरेको जनाएको छ। यो विश्व तेल आपूर्तिको महत्त्वपूर्ण मार्ग हो। कुवेतमा इरानी आक्रमणमा एक भारतीय कामदारको मृत्यु भएको छ भने साउदी अरबले आफ्ना सुरक्षाबलले पाँचवटा ब्यालेस्टिक क्षेप्यास्त्र रोकेको जनाएको छ ।ऊर्जा पूर्वाधारमा आक्रमणका कारण इरानका विभिन्न क्षेत्रमा बिजुली आपूर्ति अवरुद्ध भएको छ। ट्रम्पले यसअघि वार्ता नभए पावर स्टेशनहरूमा आक्रमण गर्ने चेतावनी दिँदै आउनुभएको थियो, जसले हालको तनावलाई थप चर्काएको देखिन्छ।

# दक्षिणी लेबननमा शान्ति सैनिकको मृत्यु, संयुक्त राष्ट्रसङ्घद्वारा कडा निन्दा

एएफपी

लेबनन । लेबननमा रहेको संयुक्त राष्ट्रसङ्घको शान्ति बलले सोमबार एक शान्ति सैनिकको मृत्यु भएको छ भने अर्को गम्भीर घाइते भएको पुष्टि गरेको छ। यो घटना दक्षिणी लेबननको एडचिट अल कुषायर नजिकैको शान्ति बलको पोष्टमा स्फोटक हान्दा भएको हो। यस क्षेत्रमा इजरायली सेना र इरान समर्थित हिज्बुल्लाहबीच केही महिनादेखि चलिरहेको सङ्घर्षले स्थानीय शान्ति सैनिकहरूको सुरक्षा जोखिममा पारेको छ।

इन्डोनेसियाले उक्त शान्ति सैनिक इन्डोनेसियाबाट रहेको बटालियनका सदस्य रहेको पुष्टि गरेको छ। त्यहाँ अप्रत्यक्ष तोपखानाबाट आक्रमण हुँदा



उनीहरूको मृत्यु र अन्य तीन जना घाइते भएका छन्। संयुक्त राष्ट्रसङ्घले स्फोटकको वास्तविक स्रोत पहिचान हुन बाँकी छ र घटना सम्बन्धी अनुसन्धान सुरु गरिएको भनेको छ।

संयुक्त राष्ट्रसङ्घको बयानमा भनिएको छ, "शान्तिको लागि सेवा गर्ने कोही पनि जीवन गुमाउनु हुँदैन।" यसैबीच, महासचिवले यस घटनाको कडा निन्दा गर्दै शान्ति सैनिकहरूको सुरक्षा सुनिश्चित गर्न तत्काल उपाय आवश्यक रहेको उल्लेख गर्नुभयो।

लेबननको दक्षिणी सिमानामा पर्ने एडचिट अल कुषायर क्षेत्रमा गत महिना देखि इजरायली सेना र हिज्बुल्लाह लडाकूबीच तीव्र जुद्ध भइरहेको छ। यस सङ्घर्षले लेबननका विभिन्न शहरहरूमा नागरिक जीवन सङ्कटमा पारेको छ। इजरायली अधिकारीहरूले सिमानाबाट ३० किलोमिटर भित्र सुरक्षा क्षेत्र स्थापना गर्ने योजना बनाएका छन्, ताकि उत्तरी इजरायलमा बसोबास गर्ने नागरिकहरूलाई सुरक्षा प्रदान गर्न सकियोस्।

मध्यपूर्वको यो तनाव मार्चको सुरुदेखि बढेको हो, जब इरान समर्थित हिज्बुल्लाहले इजरायलमा रकेट आक्रमण गरेको थियो। उक्त आक्रमण अमेरिकी र इजरायली आक्रमणको पहिलो दिन इरानका सर्वोच्च नेता अली खामेनीको हत्या पछि भएको थियो।

यसक्रममा इजरायली हवाई हमलाले लेबननका धेरै क्षेत्रहरूमा क्षति पुर्याएको छ।

संयुक्त राष्ट्रसङ्घले यसअघि पनि आफ्ना पोष्टहरूमा आक्रमण भएका घटनाहरूको रिपोर्ट गरिसकेको छ। मार्च ७ मा घानाका तीन शान्ति सैनिक गोली लागेर घाइते भएका थिए। यी घटनाहरूले स्पष्ट रूपमा शान्ति सैनिकहरूको सुरक्षा अझ जोखिमपूर्ण बनेको छ र तुरुन्त कारबाही आवश्यक रहेका देखाउँछन्।

# जासुसी आरोपमा रुसी निष्कासन

एएफपी

मस्को ।रुस र बेलायतबीच बढ्दो तनावका बीच मस्कोले बेलायती दूतावासका एक कूटनीतिज्ञलाई जासुसीमा संलग्न भएको आरोप लगाउँदै देश छोड्न आदेश दिएको छ।

पछिल्ला वर्षहरूदेखि जारी आपसी अविश्वास र प्रतिशोधात्मक कूटनीतिक कदमहरूबीच यो घटना नयाँ तनावको सङ्केतका रूपमा देखिएको छ। रुसी राज्य सञ्चारमाध्यमका अनुसार सुरक्षा निकाय एफएसबीले ती कूटनीतिज्ञलाई 'राष्ट्रिय सुरक्षामा खतरा पुऱ्याउने गुप्तचर गतिविधिमा संलग्न' रहेको आरोप लगाएको छ।

# युद्धको असर सामना गर्न जी७ सक्रिय

एएफपी

पेरिस। मध्यपूर्वमा चर्किँदै गएको युद्धले विश्व अर्थतन्त्रमा गहिरो दबाब सिर्जना गरिरहेका बेला धनी राष्ट्रहरूको समूह जी७ का मन्त्रीहरू त्यसको आर्थिक असर व्यवस्थापन गर्न आपतकालीन समन्वयमा जुटेका छन्। तेल र ग्यासको मूल्य तीव्र रूपमा बढ्दै जाँदा ऊर्जा, वित्त र मौद्रिक नीतिमा संयुक्त प्रतिक्रिया खोज्न सोमबार विशेष बैठक आयोजना गरिएको हो ।फ्रान्सका अर्थमन्त्री रोलान्ड लेस्क्योरका अनुसार भिडियो कन्फरेन्समार्फत हुने यस बैठकमा ऊर्जा र अर्थमन्त्रीहरूका साथै केन्द्रीय बैंकका प्रमुख र अन्तर्राष्ट्रिय निकायका प्रतिनिधिहरू सहभागी हुँदैछन्। उहाँले वित्तीय बजार र विश्व अर्थतन्त्रमा देखिएको अस्थिरताबारे साझा धारणा बनाउन यो बैठक महत्त्वपूर्ण हुने बताउनुभयो।

फेब्रुअरी अन्त्यतिर संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेपछि स्थिति झन् जटिल बनेको हो। त्यसको प्रतिकारस्वरूप तेहरानले खाडी क्षेत्रका तेल निर्यातकर्ता मुलुकहरूलाई लक्षित गर्दै ढुवानी मार्ग अवरुद्ध गरेको छ, जसले विश्व आपूर्तिमा ठूलो अवरोध सिर्जना गरेको छ ।यसको प्रत्यक्ष असर ऊर्जा बजारमा परेको छ। तेल र प्राकृतिक ग्यासको मूल्य आकासिँदा उत्पादनदेखि ढुवानीसम्मका आपूर्ति शृङ्खलामा व्यापक प्रभाव परेको छ। विशेषगरी एसियाली मुलुकहरूमा यसको प्रभाव गहिरो देखिएको भन्दै लेस्क्योरले विभिन्न देशका प्रतिक्रियामा फरक-फरक दृष्टिकोण देखा परेको उल्लेख गर्नुभयो।

उहाँका अनुसार यही कारणले ऊर्जा, वित्त र केन्द्रीय बैंकहरूलाई एकै ठाउँमा ल्याएर समन्वय गर्न आवश्यक भएको हो। स्थानीय मिडियासँग कुरा गर्दै उहाँले झण्डै आधा शताब्दीपछि पहिलोपटक यस्तो स्वरूपमा जी७ बैठक आयोजना गरिएको जानकारी दिनुभयो ।जी७ समूहमा अमेरिका, क्यानाडा, बेलायत, फ्रान्स, जर्मनी, इटाली र जापान समावेश छन्। यी मुलुकले विश्वका प्रमुख अर्थतन्त्रहरूबीच नीतिगत दिशा निर्धारणमा प्रभाव पार्दै आएका छन्। हालको सङ्कटमा विशेषगरी अमेरिकाले इरानद्वारा अवरुद्ध गरिएको स्ट्रेट अफ होर्मुज मार्ग पुनः सञ्चालन गराउन समूहको समर्थन खोजिरहेको छ।

हालै सम्पन्न विदेशमन्त्रीहरूको बैठकपछि जी७ ले इरानलाई उक्त जलमार्ग खुला गर्न 'पूर्ण आवश्यक' भएको बताउँदै नागरिक पूर्वाधारमा हुने आक्रमण रोक्न आह्वान गरेको थियो ।युद्धको प्रभाव बढ्दै जाँदा विभिन्न देशहरूले आन्तरिक रूपमा पनि दबाब झेलिरहेका छन्। ऊर्जा अभाव र मूल्यवृद्धिको असर कम गर्न सरकारले विभिन्न राहत तथा नियन्त्रणका उपायहरू अघि सारेका छन्। तर युद्धको अवधि कति लम्बिने र त्यसको दायरा कति फैलिने भन्ने अन्योलले प्रभावकारी र एकीकृत प्रतिक्रिया दिन कठिन बनाएको छ ।रासस


## Gaushala Municipality
### Office of the Municipal Executive
### Gasuhala, Mahottari
### Madhesh Province, Nepal

## NOTICE FOR LETTER OF INTENT (LOI)

**(Date of Publication: 31-03-2026)**

This is to notify all the concerned bidders our intention to award the contract for the following project to the corresponding substantially responsive lowest evaluated bidder. This notice is published as per provision stipulated in Public Procurement act 2063, Clause 27, Sub Clause (2) and (3) and Clause 47.

| S. N | Contract ID | Name of the project | Lowest Evaluated Substantially Responsive Bidder | Bid Amount Exclusive VAT and PS |
|---|---|---|---|---|
| 1 | RE/GAU/NCB/ WORKS/ 02-2082/083 | Construction of Culvert | Anish Construction, Gaushala-5 mahottari | 2955626.81 |
| 2 | GAU/NCB/ WORKS/ 05-2082/083 | Construction work of 4 inch and 6 inch boring well in different areas of Gaushala Municipality | Asian Drilling Company Pvt. Ltd, Lokhanthali-16, Bhaktapur | 6515124.10 |
| 3 | GAU/NCB/ WORKS/ 08-2082/083 | Construction of 2 story 8 classroom at maa vi nigaul | Anish Construction, Gaushala-5 mahottari | 11093935.70 |
| 4 | GAU/NCB/ WORKS/ 09-2082/083 | Construction of 2 story 8 classroom at janta ma vi bharatpur, gaushala 11 | Anish Construction, Gaushala-5 mahottari | 11677827.05 |

(Chief Administrative Officer)



**Government of Madhesh Province**
**Ministry of Land Management, Agriculture and Cooperatives**
**Directorate of Agriculture Development**
## Agriculture Knowledge Center
**Gaur, Rautahat**

## Notice of Invitation for Electronic Sealed Quotation

**Name of Project: The maintenance of residential & office building of paint, tiles, Plaster etc works**

**Contract ID No.: MAINTAINANCE/WORKS/AKC/03/082-83**

**Date of Notice publication: 31 Mar. 2026**

1. Eligible bidders may obtain further information and inspect the bidding document at Gaur, Rautahat, may visit PPMO website: www.bolpatra.gov.np/egp.
2. AKC apply part of the proceeds toward payments under the contract for The maintenance of residential & office building of paint, tiles, Plaster etc works
3. The AKC invites E-Sealed Quotations for the Works "The maintenance of residential & office building of paint, tiles etc works. The estimated amount for the Works is 1278469.02 excluding VAT and PS.
4. Complete set of RFQ Document in English may be purchased from the office of AKC, Nepal during office hours on all working days by eligible bidders AKC onwards on the submission of a Written Application, copies of Firm/Institution Registration and PAN/VAT Registration certificates and upon payment of a non-refundable fee of NRs. 1,000.00 to the (Method of depositing revenue: - https://revenue.fcgo.gov.np, through this link, deposit NPR 1,000/- non-refundable under the revenue code of this office 3120120012, revenue title no. 14229.
5. The Bidding Document shall be available for sale up to office hours till 16 Apr. 2026.
6. Interested Bidders are required to submit the SQ to the office of AKC on or before 12:00 P.M. on 16 Apr. 2026.
7. Submitted SQs will be opened in presence of Bidders' representatives who choose to attend at 2:00 P.M. on 16 Apr. 2026 at the office of PO. But nothing shall bar the opening of SQs by the reason only that any bidder or its agent is not present. Bidder's representative should bear the authorization letter duly signed by the authority of firm at the time of Electronic SQ opening.
8. Quotation must be valid for a period of 45 days counting from the date of quotation opening and must be accompanied by bid security, amounting to minimum NPR 38000, which shall be valid for minimum 30 days beyond the quotation validity period. Total 75 days validity period of bank guarantee.
9. If bidder wishes to submit the SQ/Bid Security in the form of cash, the cash should be deposited in following bank account and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
   **Dharauti Account Name:** Pra.Le.ni.ka, Rautahat
   **Bank Name:** Rastriya Banijya Bank
   **Account Number:** 1210100202030000
10. If the last date of submission and opening of bids falls on a government/public holiday then the same time of next working day shall be considered the last day. In such a case the bid validity and bid security validity period shall remain the same as specified for the original last date of bid submission.
11. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid. The employer shall not be responsible for any costs or expenses incurred by bidders in connection with preparation or submission of SQ.

# पर्यटकीय आकर्षणको केन्द्र बन्दै वृन्दावन वनस्पति उद्यान

बागमती । हेटौँडा उपमहानगरपालिका-१२ स्थित वनस्पति अनुसन्धान केन्द्र मकवानपुरअन्तर्गतको वृन्दावन वनस्पति उद्यान आन्तरिक तथा बाह्य पर्यटकीय आकर्षणको केन्द्र बन्दै गएको छ।

वन तथा वातावरण मन्त्रालयको वनस्पति विभागअन्तर्गत लोपोन्मुख वनस्पतिको खोज, अनुसन्धान र संरक्षण गर्दै आएको वनस्पति अनुसन्धान केन्द्रद्वारा संरक्षित वृन्दावन वनस्पति उद्यानमा अध्ययन, भ्रमण र अवलोकनका लागि पर्यटकका लागि आकर्षणको केन्द्र बन्दै गएको हो।

पर्यावरणीय सुन्दरता, चराचुरुङ्गीको धुन, आनन्ददायी वातावरणका कारण पछिल्लो समय सो उद्यानमा अध्ययन, अवलोकन र भ्रमण गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढ्दै गएको हेटौँडा-१२ पदमपोखरी निवासी सुमन लामाले बताउनुभयो।

"पहिलापहिला यहाँ वन विज्ञानसम्बन्धी अध्ययन गर्ने विद्यार्थीमात्र आउँथे", लामाले भन्नुभयो, "तर अहिले विद्यार्थीसँगै घुम्ने र सुन्दर बगैँचाको अवलोकन गर्ने पर्यटकसमेत आउन थालेका छन् ।" वनस्पति उद्यानभित्रको वनस्पति र रङ्गीचङ्गी फूलसँगै चराचुरुङ्गीको स्वरले पर्यटकलाई लोभ्याइरहेको लामाको कथन छ।

"अहिले दैनिक ५० देखि १०० जनासम्म पर्यटक वनस्पति उद्यानभित्र घुम्ने गरेका छन्", वनस्पति अनुसन्धान केन्द्रका कर्मचारी जयराम दाहालले भन्नुभयो, "शनिबार र सार्वजनिक बिदाको दिन भने २०० देखि ३०० सम्म



पर्यटक आउने गर्दछन् ।" अध्ययनसँगै वनस्पतिभित्र घुमफिर गर्ने, टिकटक बनाउने र फोटो खिच्नेहरूको बढी आकर्षण देखिन्छ", उहाँले भन्नुभयो।

वनस्पतिभित्र आउने पर्यटकहरूका लागि टिकटको व्यवस्थापन गरिएको छ। वनस्पति क्षेत्रमा अध्ययन र अवलोकन गर्न आउने नेपाली विद्यार्थीका लागि रु १० र बाह्य देशका विद्यार्थीका लागि रु ५० निर्धारण गरिएको छ । प्रमुख पौडेलका अनुसार वनस्पतिभित्र घुम्न आउने आन्तरिक पर्यटकका लागि रु २५, सार्क राष्ट्रका पर्यटकका लागि रु १०० र अन्य मुलुकका पर्यटकका लागि रु २५० तोकिएको छ।

केही समयअघिसम्म उद्यान वन विज्ञान (फरेस्टी), वनस्पति विज्ञान (बोटानी), फार्मेसी र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)मा अध्ययन गर्ने विद्यार्थी शैक्षिक भ्रमण अध्ययनका लागि आकर्षणको केन्द्र बनेको सो केन्द्र अहिले हरेक किसिमका पर्यटकको आकर्षण बढेको छ । उद्यानभित्र गत २०७८ सालदेखि सेरेमोनियल प्लान्टेसन प्लटको अवधारणा विकास गरिएको छ।

वनस्पतिभित्र घुम्न आउनेलाई लोभ्याउन उद्यानभित्र नयाँ ढाँचाको 'थिमेटिक गार्डेन' बनाउन करिब एक हेक्टरभन्दा बढी जग्गामा सम्मानित वृक्षरोपण गरिएको वनस्पति अनुसन्धान केन्द्रका प्रमुख हरिराज पौडेलले बताउनुभयो। "वनस्पति उद्यानभित्र खाली रहेको जग्गामा रुद्राक्ष, सीता, अशोक, पिपल, छतिवन, चिउरी, अमला, बर, समी, कपुर, कटहर, बेल, राजवृक्ष, कमद, निम, अर्जुन, आँप, जमुना, श्रीखण्ड, चाप, तेजपात, अङ्गस्ती, दार, दर्रो, इमली, सुगन्ध कोकिलालगायत बिरुवा रोपेका छौँ", प्रमुख पौडेलले भन्नुभयो, "उद्यानमा ६५० भन्दा बढी प्रजातिका वनस्पतिको वंशाणु स्रोत संरक्षित छन् ।" जिल्लाभित्रका एवं चुरे क्षेत्रका विभिन्न स्थानबाट वनस्पति सर्वेक्षण, सङ्कलन गरी पहिचान गर्ने र वनस्पतिको हर्वेरियम नमूना संरक्षित गर्ने कार्य हामीले गर्दै आएका छौँ, प्रमुख पौडेलको भनाइ छ।

वनस्पति अनुसन्धान केन्द्र हेटौँडाअन्तर्गत तीनवटा वनस्पति उद्यान छन् । जसमध्ये हेटौँडास्थित वृन्दावन वनस्पति उद्यानमा ४१५ प्रजाति, टिस्टुङ वनस्पति उद्यानमा २०५ र पर्वतीय उद्यान दामनमा २०८ प्रजातिका वनस्पति संरक्षण गरिएको प्रमुख पौडेलले बताउनुभयो।

वनस्पति अध्ययन केन्द्रले विभिन्न आदिवासी तथा जनजातिले प्रयोग गर्दै आइरहेको वनस्पतिको अभिलेखीकरण गर्ने, वनस्पति प्रयोग र संरक्षणबारे सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसका साथै बिरुवा उत्पादन गरी वितरण गर्ने, विभिन्न सामग्री प्रकाशन गरी वितरण गर्ने, नयाँ वनस्पतिको खोज र अनुसन्धान गर्ने, पर्यापर्यटन अभिवृद्धि गर्नेलगायत कार्य गर्दै आएको प्रमुख पौडेलले बताउनुभयो।

उहाँका अनुसार वनस्पति अनुसन्धान केन्द्रले वनस्पति सम्पदाको विस्तृत सर्वेक्षण, सङ्कलन तथा पहिचान गर्ने, वनस्पतिको वंशाणु स्रोत संरक्षण गर्ने, जडीबुटीसम्बन्धी अध्ययन, अनुसन्धान गरी खेती प्रविधि विकास गर्ने, सुगन्धित तेलयुक्त वनस्पतिको तेल प्रतिशत परीक्षण गर्ने, प्राविधिक दृष्टिले फाइदाजनक जडीबुटीको सूचना प्रवाह गर्ने, परम्परागत वनस्पति उपयोगसम्बन्धी अध्ययन, अनुसन्धान गरी वनस्पति तथा जैविक स्रोतको उपयोगसम्बन्धी ज्ञानलाई अभिलेखीकरण गर्ने र जडीबुटीको बिरुवा उत्पादन तथा वितरण गर्ने दायित्व पूरा गर्दै आएको छ।

अहिले आफूहरू जडीबुटीको गुणस्तरीय बिरुवा उत्पादन गर्ने, जडीबुटीखेती प्रविधि विकास गरी प्राविधिक सीप हस्तान्तरण गर्ने, जडीबुटी प्रजातिका बासस्थान संरक्षण तथा व्यवस्थापन गर्ने कार्यमा जुटेको प्रमुख पौडेलको कथन छ । दुर्लभ, लोपोन्मुख तथा सङ्कटापूर्ण अवस्थामा रहेका महत्त्वपूर्ण जडीबुटीसम्बन्धी समसामयिक अध्ययन, अनुसन्धान गरी स्थानीय जनसमुदायलाई जडीबुटीखेतीतर्फ आकर्षित गर्ने योजना बनाएर अघि बढ्को प्रमुख पौडेलले बताउनुभयो ।रासस

# 'ड्रोन'बाट वनस्पतिका बीउ छरिँदै

रसुवा । डडेलोका कारण उजाड बनेको यहाँको गतलाङस्थित वन क्षेत्रलाई पुनः हरियाली बनाइने भएको छ। यसका लागि डिभिजन वन कार्यालयले 'ड्रोन'मार्फत वनस्पतिका बीउ छर्ने भएको छ। विसं २०६५मा गतलाङ क्षेत्रको वन भीषण आगलागीको चपेटामा परेको थियो। आगोको चपेटाबाट सल्ला, लालीगुराँस, धुपी, खस्रुलगायत हजारौँ वनस्पति जलेर नष्ट भएको थियो।

डिभिजन वन कार्यालयका प्रमुख शम्भु तामाङले भौगोलिक असहजका भएपछि डडेलोका कारण उजाड बनेका गतलाङका वन क्षेत्रमा ड्रोनबाट वनस्पतिका बीउ छर्न लागिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो,"स्थानीय हावापानी आगलागीबाट नष्ट भएको जनाइएको छ।

आर्थिक वर्ष २०७९/८० देखि व्यवस्थापन कार्य सुरु भए पनि डढेका रुखको उचित व्यवस्थापन गर्न नसक्दा जङ्गल लामो समयसम्म पुनर्जीवन पाउन नसकेको बताइएको छ। वन पुनःस्थापनाअन्तर्गत हालसम्म ३० हजारभन्दा बढी सल्लाका बिरुवा रोपिसकिएको छ। तीमध्ये करिब २५ हजार बिरुवा रसुवागढी जलविद्युत् आयोजनाले उपलब्ध गराएको वन कार्यालयले जनाएको छ।

जिल्ला वन कार्यालयको कार्यक्षेत्र समयक्रमसँगै परिवर्तन हुँदै आएको छ। विसं २०५६ सालमा लाङटाङ राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा धेरै आधार इलाका रूपान्तरण भएपछि वन कार्यालयको कार्यक्षेत्र घटेर अहिले



सुहाउँदा वनस्पतिका बीउ सङ्कलन अहिले तीव्र रूपमा भइरहेको छ। आगामी जेठको अन्तिम सातादेखि ड्रोन प्रयोग गरी बीउ छर्ने कार्य सुरु गरिने छ। " यसका लागि 'इसिमोड', वन विज्ञान अध्ययन संस्थान तथा डिभिजन वन कार्यालयबीचको त्रिपक्षीय साझेदारी समेत भएको छ। डढेलोले प्रभावित चार सय ५५ हेक्टर क्षेत्रमध्ये पहिलो चरणमा एक सय हेक्टर जमिनमा बीउ छर्ने तालिका तय गरिएको छ। गतलाङ जङ्गलमा रहेका करिब १६ हजार गोब्रे सल्ला, ठिउरे सल्ला, लालीगुराँस तथा अन्य बहुमूल्य प्रजातिका रुख आठ हजार ३२१ हेक्टरमा सीमित भएको छ।हाल आमाछोदिङ्मो गाउँपालिकाको पाँचवटा वडा, गोसाइँकुण्ड गाउँपालिकाको वडा नं १ तथा उत्तरगया गाउँपालिकाका वडा नं १, २ र ३ समेत नौवटा वडा छन्। हाल गठित ६८ वटा सामुदायिक वन यसअन्तर्गत संरक्षणको काम अगाडि बढिरहेको छ।

वन कार्यालयले डढेलो नियन्त्रणका चेतनामूलक कार्यक्रमलाई पनि प्राथमिकता दिएको छ। जिल्लाको भिरालो भूगोल, चैतवैशाखको हुरीबतास र दुर्गम वनक्षेत्रका कारण आगलागी नियन्त्रण चुनौतीपूर्ण बन्ने छ। रासस

# सामसुङका स्मार्टघर स्मार्ट सुरुवात योजना सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु । सामसुङ नेपालले नेपाली नयाँ वर्ष २०८३ लाई लक्षित गर्दै स्मार्टघर स्मार्ट सुरुवात नामक विशेष योजना सार्वजनिक गरेको छ। कम्पनीका अनुसार उक्त योजना अप्रिल १ देखि मे १४, २०२६ सम्म सञ्चालन हुनेछ।




योजना अन्तर्गत ग्राहकहरूले सामसुङका विभिन्न टेलिभिजन तथा होम एप्लायन्स खरिदमा आकर्षक छुट तथा उपहार पाउनेछन्। सामसुङले टेलिभिजनमा अधिकतम २५ प्रतिशतसम्म, वासिङ मेसिनमा २३ प्रतिशतसम्म र रेफ्रिजरेटरमा १७ प्रतिशतसम्म छुट प्रदान गर्ने जनाएको छ।छनोट गरिएका टेलिभिजन खरिद गर्दा ग्राहकहरूले १२ महिनासम्मको निःशुल्क नेट टिभी सदस्यता पाउनेछन्, जसको मूल्य करिब ३ हजार रुपैयाँ बराबर रहेको कम्पनीले जनाएको छ । त्यस्तै, वासिङ मेसिन खरिदमा ६ केजी सर्फ एक्सेल मेटिक निःशुल्क उपलब्ध गराइनेछ।

यसैगरी, कम्पनीले ग्राहकलाई सहज बनाउन २४ महिनासम्मको इएमआइ योजना पनि ल्याएको छ। ५० हजार रुपैयाँभन्दा माथिका सामग्री खरिद गर्दा ४० प्रतिशत डाउन पेमेन्टमा किस्ताबन्दी गर्न सकिनेछ। १२ महिनाको इएमआईमा ० प्रतिशत ब्याज र २४ महिनाको इएमआई मा ७.९९ प्रतिशत ब्याजदर लागू हुने जनाइएको छ।

सामसुंग इन्स्टा फाइनेन्स सेवा अन्तर्गत हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड मार्फत उक्त सुविधा उपलब्ध हुने कम्पनीले जनाएको छ । साथै, ग्राहकहरूले आफ्ना पुराना उपकरणहरू साटेर नयाँ खरिद गर्न सक्ने एक्सचेन्ज सुविधा पनि उपलब्ध गराइएको छ, जुन आरको स्टोर तथा सामसुङका आधिकारिक बिक्रेता केन्द्रहरूबाट लिन सकिनेछ ।कम्पनीका अनुसार नयाँ वर्षको अवसरमा ग्राहकलाई स्मार्ट प्रविधियुक्त घर निर्माणतर्फ आकर्षित गर्ने उद्देश्यले उक्त योजना ल्याइएको हो।

# बर्ड फ्लूको जोखिम देखिएपछि भारतीय सीमामा उच्च सर्तकता

नेपालगञ्ज । खुला सीमा रहेको बाँकेको नेपालगञ्जलगायत स्थानमा बर्ड फ्लूको जोखिम देखिएपछि यहाँ उच्च सर्तकता अपनाइएको छ । जिल्लासँग जोडिएका नाकाबाट अवैध रूपमा भारतबाट ल्याउन लागिएका चल्ला दैनिकजसो नष्ट गरिएको पशु क्वारेन्टाइन कार्यालय, बाँकेका प्रमुख डा हरेराम यादवले जानकारी दिनुभयो। उहाँले यस क्षेत्रमा बर्ड फ्लू नदेखिएको उल्लेख गर्दै कुखुराका चल्ला र सेतो अण्डा ल्याउन रोक लगाइएको बताउनुभयो।

उहाँले भन्नुभयो, "खुला सीमा क्षेत्रका कुखुराका चल्ला र अण्डा ल्याउँछन् तर प्रहरी देखेपछि छाडेर भाग्छन् ।" सरकारले भारतबाट कुखुराका चल्ला वा सेतो अण्डा नेपाल ल्याउन प्रतिबन्ध लगाएको छ । डा यादवले आन्तरिक ढुवानीमा कडाइ र निगरानी गरिएको जानकारी दिँदै कुखुराको आयात निर्यातमा कडाइ गरिएको बताउनुभयो । पशु क्वारेन्टाइन



कार्यालयका अनुसार जिल्लामा करिब २० देखि २५ थान ब्रोइलर भारतीय कुखुरा दैनिक रूपमा नष्ट गरिएको छ।

उहाँले भन्नुभयो, "हामीलाई विभागबाट स्पष्ट निर्देशन आएको छ र हामी सचेत छौँ । तराईसँग खुला सीमा जोडिएका जिल्लामा बर्ड फ्लूको जोखिम देखिएको छ।" नियमित रूपमा कार्यालयबाट हुने जनचेतानमूलक कार्यक्रम भइरहेको डा यादवको भनाइ छ। भेटरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नेपालगञ्जका वरिष्ठ पशु विकास अधिकृत डा गणेशबहादुर पुनले चल्ला आयातमा उच्च सर्तकता अपनाएको बताउनुभयो। रासस


## Loharpatti Municipality
### Office of Municipal Executive
### Loharpatti, Mahottari

## INVITATION FOR ONLINE BID

**(IFB/LM/SQ/WORKS/2082/083-01)**

**Date of publication (Second Notice) : - 2082/12/17 B.S. (31st March 2026 AD)**

1. Loharpatti Municipality invites following electronic bids from eligible national bidders under national competitive bidding.
2. The details of the project is as following.

| Contract ID | Description of works | Estimated Amount | Bid security Amount (NRS) | Bid document Fee (NRS) | Bid Validity/Bid Bond validity period | Last date of bid Document Purchase | Last date of bid Submission | Bid opening Date and place |
|---|---|---|---|---|---|---|---|---|
| LM/SQ/ WORKS/ 2082/083-01 | Wada karyalaya ko adhuro karya pura garne karya (Loharpatti Municipality-7, Bhramarpura) | NRs. 19,62,035.93 (Including Vat & PS ) | NRs 45,000.00 | NRs 1,000.00 | 45 days/75 days after last date of bid submission | 16th April, 2026, 12:00 PM | 16th April, 2026, 12:00 PM | 16th April, 2026, 14:00 PM |

3. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank :-** NIC Asia Bank **Name of Office :-** Loharpatti Municipality.
   **Office Code no. :-** 801021810 **Office Account no. :-** 1362050028753002
   **Account Name :-** GA 1.1 ANTARIK RAJASHWA KHATA – LOHARPATTI MUNICIPALITY
4. Cash Deposit Account for Bid Security:
   **Bank Name :-** NIC Asia Bank **Bank Address :-** Loharpatti Municipality.
   **Account holder's Name :-** Loharpatti Municipality. **Account Number:** D6CA000929952403
   **Account Name :-** GA 3-DHARAUTI KHATA-LOHARPATTI MUNICIPALITY
5. Eligible Bidders may contact Loharpatti Municipality at 9854031520 and obtain further information from PPMO's Website www.bolpatra.gov.np./egp.

**Chief Administrative Officer**



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय बर्दिबास, महोत्तरीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/१२/१७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको विवरण**

महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. ५ स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय महोत्तरीमा मिति २०७३/१२/०३ मा प्रा.फ.नं. ४२९४/४/०७३/०७४ तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०७३/१२/०३ मा स्थायी लेखा नम्बर (PAN) ६०५८३६७७६ अन्तर्गत दर्ता कायम भएको **जय माँ सोनामाई फिक्स ईट्टा उद्योग**।

**प्रोप्राइटर : सन्तोष कुमार यादव**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. उत्तिम यादवको नाति, नन्दलाल यादवको छोरा, महोत्तरी जिल्ला, साविक औरही गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने **सन्तोष कुमार यादव** (ना.प्र.नं. ०३३५२८७०, जारि मिति २०५२/०५/१२, जि.प्र.का. महोत्तरी)।

२. नन्दलाल यादवको बुहारी, सन्तोष कुमार यादवको पत्नी, महोत्तरी जिल्ला, साविक औरही गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने **सविता देवी यादव** (ना.प्र.नं. १८३०६४/१०४२, जारि मिति २०६३/१०/२६, जि.प्र.का. महोत्तरी)।

३. उत्तिम यादवको बुहारी, नन्दलाल यादवको पत्नी, महोत्तरी जिल्ला, साविक औरही गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने **रासपती देवी** (ना.प्र.नं. ०३३६/१२१०, जारि मिति २०४४/१२/२९, जि.प्र.का. महोत्तरी)।

**धितोको विवरण**

१. रासपती देवी (ना.प्र.नं. ०३३६/१२१०, जारि मिति २०४४/१२/२९, जि.प्र.का. महोत्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८ स्थित कित्ता नं. १७४ को क्षेत्रफल ०-२-१०-० (बि.क.धु.क.) तथा महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९ क स्थित कित्ता नं. ३० र ४०३ को क्षेत्रफल क्रमशः ०-१-७-० र ०-२-३-१० (बि.क.धु.क.) बमोजिमको जग्गा एवं सो जग्गामा बनेको घर र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. जय माँ सोनामाई फिक्स ईट्टा उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

Siddhartha Bank
शाखा कार्यालय : बर्दिबास, महोत्तरी
फोन नं. ०४४-५५०६४०
**Website:** www.siddharthabank.com

# कांग्रेसमा किचलो, खेमा परिवर्तनमा सांसद



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा पक्षले पार्टी केन्द्रीय कार्यसमितिको नाममा समानान्तर गतिविधि चलाउन लागेपछि समानुपातिक कोटाबाट बनेका सांसदहरुले खेमा परिवर्तन गरेका छन्।

समानान्तर गतिविधिप्रति पार्टी सभापति गगन कुमार थापा पक्ष आक्रोशित भएपछि पूर्वराष्ट्रपति रामवरण यादवका छोरासमेत रहेका सांसद चन्द्रमोहन यादव, उनका भतिजीसमेत रहेकी सांसद रेखा यादवलगायत नेता शेखर कोइराला खेमामा रहे पनि सोमबार सो समूहको समानान्तर बैठकमा सहभागी भएनन्।

शेरबहादुर देउवा- नेता शेखर कोइराला पक्षको तर्फबाट पूर्णबहादुर खड्काले कार्यवाहक सभापतिको हैसियतमा बैठक बसेको थियो। सो बैठकमा अनुपस्थित सांसदहरुबारे समेत चर्चा चलेको थियो।

बैठकबाट पार्टीका पूर्वसभापतिसमेत रहेका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा पक्षका नेता पूर्णबहादुर खड्काले 'कार्यवाहक सभापति'कै हैसियतमा पार्टीको लेटरहेड प्रयोग गरी शनिबार निकालेको विज्ञप्ति र मंगलबार बस्न लागेको बैठकका बारेमा छलफल गरेको जनाइएको छ। सो छलफलको आधारमा अनुशासन समितिले कारबाहीको प्रक्रिया अघि बढाउन सक्ने चेतावनी संस्थापन पक्षीय नेताहरूले दिएका छन्।

एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस नेता तथा पूर्वगृहमन्त्री रमेश लेखकको पक्राउको विरोधमा खड्काले कार्यवाहक सभापतिकै हैसियत राखेर पार्टीको लेटरहेडमा विज्ञप्ति निकालेका थिए।

उनले मंगलबार निर्वाचनको समीक्षा र ओली तथा लेखक पक्राउबारे छलफल गर्न भन्दै बैठकसमेत राखेका छन्। कार्यवाहक सभापति पार्टी खड्काले केन्द्रीय कार्यसमितिको बैठक भन्दै तत्कालीन केन्द्रीय कार्यसमितिमा रहेका आफ्नो पक्षका पदाधिकारी तथा सदस्यहरूलाई उपस्थितिका लागि आग्रह गरेका छन्।

तत्कालीन मुख्यसचिव कृष्ण पौडेलले बैठकमा उपस्थित हुन सबैलाई टेलिफोन गरेर बोलाएका छन्। बैठक मंगलबार र बुधबारसम्म चल्ने जनाइएको छ।पौडेलले निर्वाचनमा पार्टीको हार र पछिल्लो राजनीतिक घटनाक्रमका बारेमा बैठकमा छलफल हुने बताए। उनले केही समयमै जिल्ला सभापतिहरूको भेला पनि हुने बताए।

# अनियमितता ठहरको प्रतिवेदन अन्योलमा

आर्थिक वर्ष २०७९/०८० मा अर्थमन्त्रालयद्वारा स्थानीय तहमा दिइने सशर्त अनुदानमा व्यापक अनियमितता र कानून विपरित रकमान्त गरिएको भनी चर्को आलोचनापछि मधेश प्रदेश सभा अन्तर्गत २०८० असार २५ गते प्रदेश सांसद उपेन्द्र महतोको संयोजकत्वमा १० सदस्यीय विशेष छानबीन समिति गठन गरिएको थियो ।

**टुडे समाचारदाता**

जनकपुरधाम । स्थानीय तहलाई दिइएको सशर्त अनुदानमा अनियमितता र मापदण्ड विपरित रकमान्तर गरिएको भन्ने ठहर गरिएको मधेश प्रदेश सभा अन्तर्गत गठित विशेष छानबिन समितिको प्रतिवेदन डेढ बितिसक्दा पनि कार्यान्वयनमा आउन सकेको छैन।

आर्थिक वर्ष २०७९/०८० मा अर्थमन्त्रालयद्वारा स्थानीय तहमा दिइने सशर्त अनुदानमा व्यापक अनियमितता र कानून विपरित रकमान्त गरिएको भनी चर्को आलोचनापछि मधेश प्रदेश सभा अन्तर्गत २०८० असार २५ गते प्रदेश सांसद उपेन्द्र महतोको संयोजकत्वमा १० सदस्यीय विशेष छानबीन समिति गठन गरिएको थियो।




छानबिन गरी प्रतिवेदन बुझाउन दुई महिनाको म्याण्डेट पाएका ती छानबिन समितिले एक वर्ष लगाएर तयार पारिएको प्रतिवेदन प्रदेश सभालाई प्रतिवेदन बुझाएको थियो। प्रतिवेदन बुझाएको डेढ वर्ष बितिसक्दा पनि हालसम्म कार्यान्वयनमा आउन नसकेको छैन।

ती प्रतिवेदनमा तत्कालीन अर्थमन्त्री सञ्जय यादवले ससर्त र विशेष अनुदानको कार्यविधि विपरीत चिट्ठी नै दर्ता नभएको स्थानीय तहहरुमा मनपरी रुपमा सशर्त अनुदानको रकम पठाएको र केही पालिकालाई मापदण्ड विपरित अनुदान दिएको, उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयलाई प्रक्रिया विपरीत झण्डै ४२ करोडभन्दा बढी रकम रकमान्तर गरेको, केही मन्त्रालयले अर्थ मन्त्रालयमा रकमान्तरका लागि पठाएको चिट्ठी दर्ता हुनुभन्दा अगाडि नै मन्त्रीले रकमान्तरको फाइल स्वीकृत गरेको जस्ता कमजोरीहरू छानबिनमा औल्याएको थियो।

समितिले २०८१ असार ९ गते नै तत्कालिन सभामुख रामचन्द्र मण्डललाई बुझाएको थियो। प्रदेश सभाले पनि एक साताभित्रै सो प्रतिवेदन कार्यान्वयनका लागि प्रदेश सरकारका तत्कालिन मुख्यमन्त्री सतिश सिंहलाई बुझाएका थिए। तर डेढ वर्ष बितिसक्दा पनि कारवाही नहुनुले त्यसको कुनै औचित्य नभएको विश्लेषण गर्न थालिएको छ।

प्रतिवेदन किन कार्यान्वयनमा आएन भन्ने बारे सरोकारवाला सबै निकायका पदाधिकारीहरु पन्छिने प्रयास गरेका छन्। मधेश सरकारका तत्कालिन मुख्यमन्त्री सिंहले भन्छन् 'दोषी देखाइएकाहरुलाई कारवाही प्रक्रिया अघि नबढाउनुको प्रमुख कारण दोषी त भनियो तर त्यो सँग आइन्दा यस्तो नगर्नु, मापदण्ड अपनाउनु, दुरुपयोग नियन्त्रण गर्नुपर्छ र परिपाटी अन्त्य गर्नुपर्ने लगायतका सुझावको बुँदा द्विविधात्मक वाक्यांश प्रयोग गरिएको थियो।

उनले थप्दै भने 'ती द्विविधात्मक वाक्यांशले बिमारीसँगै उपचार आफैले गर्ने गरेको देखिंदा मुख्य सचिव लोकनाथ पौड्यालको सल्लाहमा कानूनी अड्चन थपिने सम्भावनाले प्रक्रिया अघि बढाइएन।

प्रदेशका वर्तमान मुख्यमन्त्री कृष्णप्रसाद यादव भन्छन 'आफूले सो प्रतिवेदन देखेको छैन, हेरेपछि मात्रै केही भन्न सकिने भनेर झाडा टाल्ने प्रतिक्रिया दिएका छन।

यस्तो द्विविधात्मक वाक्यांश किन प्रयोग गरिएको बारे समितिका संयोजक उपेन्द्र महतो भन्छन 'आफूले प्रतिवेदनमा दोषी पाइएको देखाइसकेको थिए। कारवाही गर्ने निकाय आफू होइन कारवाही गर्ने काम प्रदेश सभा र प्रदेश सरकारको हो। जहाँसम्म सुझावको कुरा हो, यस्तो गरेको देखिएन, यो कुरा प्रयोग गर्न सकिन्थ्यो भन्ने सुझाव दिएका थियौं, कारवाही नै नगर्नु समितिले भनेको थिएन।

## कहाँ थियो अनियमितता

मधेशको १३६ मध्ये १३० स्थानीय तहमा असन्तुलित रुपमा सशर्त र विशेष अनुदान पठाएको, ६ वटामा अनुदानै दिएन, सर्लाहीको ६ वटा र सप्तरीको एक गरी ७ पालिकामा धेरै अनुदान पठाएको, महानगर र उपमहानगरलाई पठाउने अनुदानमा काखापाखा गरेको प्रतिवेदनमा भनिएको थियो।

तत्कालीन अर्थमन्त्री सञ्जय यादवले आफ्ना गृहजिल्ला तथा निर्वाचन क्षेत्र सर्लाहीको क्षेत्र नं. ३ (ख) मा पर्ने चक्रघट्टा गाउँपालिका, बागमती नगरपालिका, कविलासी नगरपालिका, बरहथवा नगरपालिका, हरिवन नगरपालिका र बसबरिया गाउँपालिकामा सबभन्दा बढी ३ करोड ९० लाखदेखि ६ करोड ८० लाखसम्म सबभन्दा बढी सशर्त र विशेष अनुदान पठाएको प्रतिवेदनमा उल्लेख छ।

अर्थमन्त्री यादवको गाउंपालिका रहेको चक्रघटामा निर्णय भए बमोजिमभन्दा २५ लाख बढी रकम उपलब्ध गराएका थियो। ६ करोड ५५ लाख निर्णय भएकोमा सबभन्दा बढी ६ करोड ८० लाख रुपैया बढी उपलब्ध गराएको थियो। अनुदान नपाएका पालिकाहरु एमालेबाट निर्वाचित भएका प्रमुखहरु रहेको आरोप लगाइएको थियो।

त्यस आर्थिक वर्षमा बलान बिहुला गाउँपालिका, विदेह नगरपालिका, फतुवा विजयपुर नगरपालिका, बौधीमाई नगरपालिका, फेटा गाउँपालिका र विश्रामपुर गाउँपालिकाले भने सशर्त अनुदान नै पाएका थिएनन्।

उपमहानगरपालिका र महानगरपालिकालाई ५० लाखभन्दा कमका योजना तथा कार्यक्रममा अनुदान दिन नपाइने स्पष्ट व्यवस्था हुँदाहुँदै २५ लाखसम्मका योजनामा रकम विनियोजन समेत गरेको थियो। वीरगञ्ज महानगरपालिका, जनकपुर उपमहानगरपालिका लगायतका स्थानीय तहहरूलाई ठूलो रकम प्रदान गरिँदा जितपुर-सिमरा उपमहानगरपालिकालाई भने मात्र २५ लाख उपलब्ध गराइएको समितिको निष्कर्ष निकालेको थियो।

यसका साथै विषयगत मन्त्रालयले बजेट माग गरेको मिति अगावै रकमान्तर गरेको, उद्योग तथा पर्यटन मन्त्रालयका मन्त्रीको स्वकीय सचिवले लेटरहेडको दुरुपयोग गरेर ४२ करोड रुपैयाँ रकमान्तर गराएको छानबिन समितिले उल्लेख गरेको छ।

तत्कालीन उद्योग, पर्यटन तथा वनमन्त्री रहेकी सुनिता यादवका स्वकीय सचिवले आफ्नो लेटर हेडको अनधिकृत प्रयोग गरी रकमान्तर गरेको। सोही पत्रलाई आधार मानी मन्त्रालयले टिप्पणी उठाएर ४२ करोड ६० लाख १० हजार रकमान्तर गर्नु विधिसम्मत नदेखिएको समितिले उल्लेख गरेको छ। भौतिक पूर्वाधार र शिक्षा तथा समाज कल्याण मन्त्रालयबाट अर्थ मन्त्रालयमा प्राप्त भएको पत्रको दर्ता नै नगरीकन समेत रकमान्तर गरेको भनेको थियो।

# मेडिकल कलेज खारेजको विरोधमा प्रदर्शन

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको बर्दिवासमा प्रस्तावित मेडिकल कलेज तथा पूर्वाधार विकास आयोजना संघीय सरकारले खारेज गर्ने गरेको निर्णयविरुद्ध स्थानीयवासी आन्दोलित भएका छन्।



सोमबार बिहानदेखि बर्दिवासस्थित पूर्वपश्चिम राजमार्ग अवरुद्ध गर्दै प्रदर्शन गरेका छन्। सरकारले अघिल्लो कार्यकालमा स्वीकृत भई निर्माण प्रक्रिया अघि बढिसकेको बर्दिवास मेडिकल कलेज आयोजना खारेज गर्ने निर्णय गरेपछि स्थानीयले त्यसको विरोधमा सडक आन्दोलन थालेका हुन्।

प्रदर्शनका क्रममा स्थानीयले टायर बाल्दै र नाराबाजी गर्दै चक्काजाम गरेका छन्। चक्काजामका कारण राजमार्गमा यातायात पूर्णरूपमा प्रभावित भएको छ।

प्रदर्शनमा सहभागी स्थानीय बिष्णु बम्जनका अनुसार दीर्घकालीन रूपमा यस क्षेत्रको स्वास्थ्य सेवा सुधार गर्ने उद्देश्यले अघि बढाइएको आयोजना एकाएक खारेज गर्नु अन्यायपूर्ण निर्णय हो। यसले मधेश क्षेत्रका जनताको स्वास्थ्य पहुँचमा गम्भीर असर पार्नेछ।

सरकारले चैत १३ गते बसेको मन्त्रिपरिषद् बैठकबाट बर्दिवाससहित बुटवल र सुर्खेतका मेडिकल पूर्वाधार विकास आयोजनाहरू खारेज गर्ने निर्णय गरेको थियो। उक्त निर्णयप्रति सम्बन्धित क्षेत्रका बासिन्दाहरू असन्तुष्ट बनेका छन्।

महोत्तरी प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को गृह जिल्ला हो । त्यही क्षेत्रमा विकास आयोजना खारेज गरिएको भन्दै स्थानीयले आक्रोश व्यक्त गरेका छन् । बालेनको पुख्र्यौली घर महोत्तरीको एकडारामा रहेको छ। प्रदर्शनका कारण पूर्वपश्चिम राजमार्गमा सवारी साधन लामो समयसम्म रोकिएका छन् भने यात्रुहरू अलपत्र परेका छन्।

स्थिति नियन्त्रणमा लिन स्थानीय प्रशासन र सुरक्षाकर्मी व्यापक रुपमा प्रहरी परिचालन गरेको थियो । विरोध प्रदर्शनमा उत्रेका स्थानीयवासीले निर्णय फिर्ता नभएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिदैं अझ सशक्त आन्दोलन गर्ने बताएका छन।

# स्थापना दिवसमा प्रभातफेरी




**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल पत्रकार महासंघको ७१ औं स्थापना दिवसका अवसरमा देशभर विविध कार्यक्रम सहित धनुषामा प्रभातफेरी कार्यक्रम आयोजना गरिएको छ।

महासंघ धनुषा शाखाको आयोजनामा निकालिएको प्रभातफेरीमा पत्रकारहरूको सहभागिता रहेको थियो। प्रभातफेरीले प्रेस स्वतन्त्रता, पेशागत एकता र जिम्मेवार पत्रकारिताको सन्देश फैलाएको आयोजक नेपाल पत्रकार महासंघ धनुषाले जनाएको छ।

धनुषा शाखाका अध्यक्ष पुरन साहको अध्यक्षतामा भएको कार्यक्रममा महासंघका केन्द्रिय सदस्य राजेश कर्ण, पूर्वअध्यक्ष उमेश साह, प्रेस स्वतन्त्रता सेनानी रामभरत साह, अशोक रौनियार, मधेश प्रदेश उपाध्यक्ष ज्योति झा, महासचिव शैलेन्द्र महतो, सचिव हदिश खुद्दार, उपाध्यक्ष अवधेश कामत, कोषाध्यक्ष गोविन्द महतो लगायतका पत्रकारहरूको सहभागिता रहेको थियो।

प्रभातफेरीका क्रममा सहभागीहरूले सञ्चार क्षेत्रको सुदृढीकरण, प्रेस स्वतन्त्रताको रक्षा तथा पत्रकारहरूको पेशागत अधिकार सुनिश्चित गर्न एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिए। महासंघले स्थापना दिवसको अवसरमा देशभर विभिन्न कार्यक्रममार्फत पत्रकारिताको महत्व र भूमिका बारे जनचेतना फैलाउने कार्यलाई निरन्तरता दिँदै आएको छ।

# शहीदको सम्मानका लागि कानुन निर्माण

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीयता प्राप्तिको आन्दोलनका क्रममा सहादत प्राप्त गरेका शहीद तथा घाइतेहरूको सम्मान, संरक्षण र अधिकार सुनिश्चित गर्न लक्षित मधेश प्रदेशमा विधेयक तयारी प्रक्रिया अघि बढाइएको छ।



यस बारे सोमबार सरोकारवाला निकायहरूबीच विस्तृत छलफल सम्पन्न भई सहमतिको प्रारम्भिक खाका तयार गरिएको छ। मुख्यन्यायाधिवक्ता कार्यालयको पहलमा आयोजित उक्त छलफलमा कानुनी विज्ञ, आन्दोलनमा सक्रिय व्यक्तित्व, पीडित परिवारका प्रतिनिधि तथा नागरिक समाजका अगुवाहरूको सहभागितामा खाका तयार पारिएको हो।

छलफलमा शहीद तथा घाइतेहरूको पहिचान, वर्गीकरण, सेवा सुविधा र दीर्घकालीन संरक्षणका विषयमा गम्भीर बहस भएको सहभागीहरूले बताए।

मधेश प्रदेशका मुख्यन्यायाधिवक्ता डा. सुनिल रञ्जन सिंहले संघीयता आन्दोलनको योगदानलाई संस्थागत गर्न यो विधेयक ऐतिहासिक बन्न सक्ने बताए।

उनले भने, 'संघीयता प्राप्तिमा शहीद तथा घाइतेहरूको योगदानलाई कानुनी मान्यता दिन कानून निर्माण गर्न विधेयक प्रक्रिया अघि बढाइएको हो । हामीले तयार गरिरहेको विधेयकले उनीहरूको सम्मान मात्र नभई जीवनस्तर सुधारमा पनि ठोस आधार निर्माण गर्नेछ।'

उनका अनुसार विधेयकमा शहीद परिवारलाई विशेष सुविधा, घाइतेहरूको उपचार तथा पुनर्स्थापना, शिक्षा र रोजगारीमा प्राथमिकता जस्ता प्रावधानहरू समेट्ने तयारी भइरहेको छ।

साथै, शहीद तथा घाइतेको आधिकारिक अभिलेख व्यवस्थापन गर्न डिजिटल प्रणाली विकास गर्ने विषय पनि प्राथमिकतामा राखिएको उनले जानकारी दिए। छलफलमा सहभागी सरोकारवालाहरूले विगतमा भएका प्रतिबद्धता कार्यान्वयन नभएको गुनासो गर्दै यसपटक प्रभावकारी कानुनी संरचना बन्नुपर्नेमा जोड दिएका थिए।

मुख्यन्यायाधिवक्ता सिंहले सरोकारवालाबाट आएका सुझावहरूलाई विधेयकको मस्यौदामा समेटिने प्रतिबद्धता जनाउँदै भने, 'यो कागजी प्रक्रिया नभई पीडित परिवारको भावना र संघर्षको सम्मान हो। त्यसैले सबै पक्षको सहमति र सहभागितामा विधेयकलाई परिष्कृत गरिनेछ।'

प्रदेश सरकारले अब तयार सहमतिको खाकालाई अन्तिम रूप दिई मन्त्रिपरिषद् हुँदै प्रदेशसभामा पेश गर्ने तयारी गरिरहेको जनाएको छ। विधेयक पारित भएमा मधेश प्रदेशमा संघीयता आन्दोलनका शहीद तथा घाइतेहरूको अधिकार सुनिश्चित गर्ने पहिलो समग्र कानुनी व्यवस्था कार्यान्वयनमा आउने विश्वास गरिएको छ।

# मधेश प्रदेशद्वारा कर्णाली पराजित

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रधानमन्त्री (पिएम) कप एकदिवसीय क्रिकेट प्रतियोगिता अन्तर्गत जनकपुरधाममा सम्पन्न खेलमा मधेश प्रदेशले कर्णाली प्रदेशलाई ५ विकेटले पराजित गर्दै प्रतियोगितामा आफ्नो सशक्त उपस्थिति कायम राखेको छ।

निर्माणाधीन रामजानकी बहुउद्देश्यीय रंगशालामा सम्पन्न खेलमा टस जितेर पहिले ब्याटिङ गरेको कर्णाली प्रदेश ३१.२ ओभरमा सबै विकेट गुमाउँदै १२९ रनमै समेटिएको थियो । जवाफी ब्याटिङमा उत्रिएको मधेशले २४.५ ओभरमा ५ विकेट गुमाउँदै लक्ष्य सहजै पूरा गरेको थियो।




मधेशको जितमा ओपनर निरज यादवले संयमित ब्याटिङ गर्दै ५९ बलमा ३८ रन बनाए। अर्का ओपनर मयन यादवले २२ बलमा २४ रन जोड्दा अरनिको यादवले अविजित ३२ रनको महत्वपूर्ण योगदान दिए। पवन श्राफले १७ रन बनाउँदै टोलीलाई जिततर्फ अग्रसर गराएका थिए।

कर्णालीतर्फ बलिङमा दिपेन्द्र रावतले ८ ओभरमा ४० रन खर्चेर ३ विकेट लिए पनि अन्य बलरहरूले अपेक्षाकृत दबाब सिर्जना गर्न सकेनन्। दिवान पुन र प्रकाश जैशीले समान १-१ विकेट हात पारे। यसअघि कर्णालीका लागि ओपनर रविन्द्र शाहीले सर्वाधिक ४० रन बनाए। अर्जुन घर्तीले २४, दिनेश अधिकारी र विपिन रावलले समान १८-१८ रन जोडे भने कप्तान दिवान पुनले १२ रन बनाए।

मधेशको बलिङ आक्रमण प्रभावशाली देखिएको थियो । आशिक बैठाले १० ओभरमा ३४ रन खर्चेर ४ विकेट लिएर खेलको नायक बने । विशाल पटेल र अरनिको यादवले समान २-२ विकेट लिए भने प्रदीप पासवानले १ विकेट हात पारे।

यो जितसँगै मधेश प्रदेशले चार खेलबाट ७ अंक जोडेको छ। मधेशको पहिलो खेल वर्षाका कारण रद्द भएको थियो भने बाँकी तीन खेलमा उसले लगातार जित दर्ता गरेको छ। प्रतियोगितामा मधेशको यो लयले उपाधि दावेदारीलाई थप बलियो बनाएको छ।

# फरार कैदी पक्राउ

**टुडे समाचारदाता**

मलंगवा। सर्लाही प्रहरीले जेनजी आन्दोलनका क्रममा कारागारबाट फरार भएका एक कैदीलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार जबर्जस्ती करणी मुद्दामा १२ वर्ष कैद सजाय पाएका र जिल्ला कारागार रौतहटमा कैद भुक्तान गरिरहेका २९ वर्षीय दिपेश साह सोनार (उर्फ शेरु साह) लाई पक्राउ गरिएको हो।

दुर्गाभगवती गाउँपालिका-५ वडहर्वा टोल घर भएका सोनार ३ वर्ष ९ महिना कैद भुक्तान गरिरहेका बेला गत भदौ २४ गते जेनजी आन्दोलनका क्रममा कारागारबाट फरार भएका थिए। उनलाई सर्लाहीको ईश्वरपुर नगरपालिका-६ बयलबासमा लुकीछिपी बसेको अवस्थामा सोमबार दिउँसो करिब १ बजे पक्राउ गरिएको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय केशरगञ्जबाट प्रहरी निरीक्षक नितेश कुमार सिंहको कमाण्डमा खटिएको टोलीले उनलाई नियन्त्रणमा लिएको जनाएको छ। पक्राउ परेका सोनारलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी पुनः जिल्ला कारागार रौतहट पठाउने तयारी भइरहेको प्रहरीले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८